पार्टीको नीति र विधिविपरीत जानेलाई कारवाही हुन्छ : अध्यक्ष दाहाल | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक ९५ • २०७९ साल भाद्र ७ गते मंगलबार (23 August, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


## उम्मेदवारले शैक्षिक योग्यता विवरण बुझाउनुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेश सभामा उम्मेदवार बन्नेले निर्वाचन आयोगमा व्यक्तिगत विवरण बुझाउनुपर्ने भएको छ।

यसअघि व्यक्तिगत विवरण मात्रै बुझाउनुपर्ने भए पनि आगामी मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सार्वजनिक जीवनमा हासिल गरेका महत्वपूर्ण उपलब्धि पनि उल्लेख गर्नुपर्ने भएको छ।

निर्वाचन आचारसंहिता, २०७९ मा आयोगले उम्मेदवारले मनोनयनपत्रसँगै बुझाउनुपर्ने जानकारीको सूची राखेको छ। आचारसंहितामा शिलबन्दी रूपमा उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने उल्लेख छ। त्यसरी पेस गरिएको विवरणलाई मत परिणाम सार्वजनिक नभएसम्म आयोगले गोप्य रूपमा राख्ने उल्लेख छ।

मत परिणाम सार्वजनिक भएपछि निर्वाचित उम्मेदवारको सम्पत्ति विवरण भने आयोगले सार्वजनिक गर्ने आचारसंहितामा छ। निर्वाचित नहुने उम्मेदवारको सम्पत्ति विवरण भने मागेमा फिर्ता दिनेछ। फिर्ता माग नभएमा भने आयोगले त्यसलाई नष्ट गर्ने (धुल्याउने) कानूनी व्यवस्था गरेको छ।

सम्पत्ति विवरणसँगै उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण

**सम्पत्ति विवरणसँगै उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण बुझाउनुपर्ने आचारसंहिताको व्यवस्था छ।**

बुझाउनुपर्ने आचारसंहिताको व्यवस्था छ। 'निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष उम्मेदवार) निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव, सार्वजनिक जीवनमा हासिल गरेका महत्वपूर्ण उपलब्धि तथा पुऱ्याएको महत्वपूर्ण योगदानसमेत उल्लेख भएको आयोगले तोके बमोजिमको वैयक्तिक विवरण फाराम समेत पेस गर्नुपर्नेछ।' त्यसरी पेस भएको विवरण उम्मेदवारी दर्तापछि आयोगले वेबसाइटमा प्रकाशन गर्ने भनेको छ।

आयोगले आचारसंहिताका यी विषयमा राजनीतिक दलका प्रतिनिधिसँग सोमबार छलफल गरेर सुझाव संकलन गरेको छ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राजनीतिक दलका प्रतिनिधिहरूबाट आचारसंहिताका अधिकांश बुँदामा मिश्रित सुझाव प्राप्त भएको बताए। 'आचारसंहितामाथि राजनीतिक दलका प्रतिनिधिबाट राय सुझाव मागिएको छ। विभिन्न बुँदामा विभिन्न मिश्रित सुझाव आएका छन्। अबको केही दिनमा ती सुझावसहित आचारसंहितालाई अन्तिम रुप दिई सार्वजनिक गरिनेछ,' उनले भने।

## मुख्यमन्त्री लालबाबु राउतमाथि राजिनामा गर्न दबाब

## गलत तत्वले अफवाह फैलाए : राउत

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतमाथि राजिनामा दिन चर्को दबाब परेको छ।राउतका अत्यन्त विश्वासपात्र एकजना सहयोगीले जनाए अनुसार राजिनामा दिन चर्को दबाब रहेकोछ।

प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव घोषणा भइसकेको अवस्थामा राउतलाई राजिनामा दिन दबाब बढेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका ८ जना कर्मचारीमाथि भ्रष्टाचार सम्बन्धी मुद्दा दर्ता गरेपछि पार्टीमा राउतको राजिनामा माग गरिएको हो।

राउतका निकट सहयोगीले राजिनामाका लागि उच्च दबाब रहेको पुष्टि गरे। प्रदेश सरकारका केही मन्त्रीहरुलाई टेलिफोन मार्फत मुख्यमन्त्रीलाई राजिनामाको दबाब रहेको सूचना राउतका हितैषीले दिएका थिए।

जनता समाजवादी पार्टी(जसपा)नेपालको राजनीतिक समितिको बेठकमा सहभागी हुन काठमाण्डु आएका मुख्यमन्त्री राउत अझै जनकपुरधाम फर्केका छैनन्। उनलाई राजिनामा गर्न दबाब आए पनि राउत सहजै राजिनामा गर्ने पक्षमा देखिएका छैनन्।

मुख्यमन्त्रीको राजिनामाको औपचारिक रुपमा कतैबाट पुष्टि गरिएको छैन्। पार्टीका प्रवक्ता मनिष सुमनले यस सम्बन्धमा कुनै जानकारी नभएको बताए। त्यसैगरी सरकारका प्रवक्ता समेत रहेका अर्थमन्त्री शैलेन्द्र साहले पनि मुख्यमन्त्री राउतको राजिनामाको विषयमा कुनै सत्यता नभएको बताए।

मुख्यमन्त्री राउतले पनि राजिनामाको विषयलाई ठाडै अस्वीकार गर्दै भने, मैले राजिनामा किन दिने ?राजिनामा दिनु पर्ने कुनै कारण नभएको दाबी गर्दै पार्टीमा समेत राजिनामाको विषयमा कुनै छलफल अथवा चर्चा समेत नभएको उनले बताए।

दिनभरि पार्टीका अध्यक्ष उपेन्द्र यादवसँगै रहेको

**नेपालको संविधानको धारा १६९ मा मुख्यमन्त्रीवारे यसरी उल्लेख गरिएको छ।**

**मुख्यमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्था :**

१) देहायको कुनै अवस्थामा मुख्यमन्त्रीको पद रिक्त हुनेछ

क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिएमा,

ख) धारा १८८ बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेकोमा वा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा,

ग) निज प्रदेश सभाको सदस्य नरहेमा र

घ) निजको मृत्यु भएमा।

बताउँदै राउतले भने, केही गलत तत्वले राजिनामाको अफवाह फैलाएका छन्। गलत प्रचारवाजी गरी मुख्यमन्त्रीको कुर्सी ताक्नेले अर्को पटक अझ बढी मिहिनेतका साथ आउनु पर्ने उनले बताए।

अख्तियारले मुद्दा गरेपछि राउतलाई नैतिक रुपमा राजिनामा दिनुपर्ने हलुका किसिमले प्रदेश सभामा प्रमुख प्रतिपक्ष लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले माग गरे। राजिनामा दिन विपक्षी दलहरुले कुनै दबाबमूलक कार्यक्रम समेत नल्याएको बेला पार्टी भित्रैबाट राउतको राजिनामा प्रकरण सोमवार चुलिएको छ।

भरपर्दो स्रोतका अनुसार बिहान राउत स्वयंले आफू हटे मुख्यमन्त्रीका लीग सघाउने प्रस्ताव केही सभासदलाई राखेका थिए।राजिनामाको दबाब चर्किए संसदीय दलमा बहुमत साबित गर्न सक्ने जोहोमा समेत राउत रहेका छन्।

यद्यपि सोमवार बिहान राउतको निरीहता देखिए पनि राती अचानक ताकतवर रहेको स्वर निकालेका थिए। मधेश प्रदेशमा मन्त्रीहरु थपघट भए पनि मुख्यमन्त्री राउत निरन्तर छन्।

राउतको नेतृत्वमा चुनावमा जाँदा अपेक्षित परिणाम आउन नसक्ने उच्च तहका जसपाका नेताहरुको आकलन छ। एउटा मुद्दामा राउत जोगिए पनि अन्य कयौं मुद्दामा उनी अख्तियारको फन्दामा पर्न सक्ने आशंका गरिएको छ। तर तत्काल अख्तियारले मुद्दा दर्ता नगर्नेमा राउत ढुक्क छन्।

राउतको राजिनामाको चर्चासँगै मुख्यमन्त्रीका लागि सभामुख सरोजकुमार यादव, अर्थमन्त्री शैलेन्द्र साह, मनिष सुमन र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय यादवको नाम वहसमा आएको थियो।

सभामुख दलको सदस्य हुने प्रावधान नरहेकाले उनी हाल कुनै दलको औपचारिक रुपमा सदस्य छैनन्।तर जसपाले उनलाई चुनावमा महत्वपूर्ण जिम्मेवारी दिएर अगाडि ल्याउने तयारी गरेको स्रोतले जनाए। राजिनामा बारे पुष्टि गर्न कसैले नचाहे पनि राउत र उनका सहयोगीबाट विहान प्रवाह भएको सूचनाले राजिनामाका लागि दबाब रहेको पुष्टि गरेको छ। तर साँझ राजनीतिक परिस्थितिमा बदलाव आएको मुख्यमन्त्रीको प्रतिकृयाबाट बुझिन्छ।

मधेश प्रदेशमा स्थायी सरकार रहे पनि आम नागरिकलाई विकासको अनुभूति हुने ठोस काम गर्न नसकेको आरोप छ। मुख्यमन्त्री कार्यालयकै कयौं योजनामा भ्रष्टाचार भएको आरोपमा अख्तियारले अनुसन्धान गरिहेको छ।सरकारले भ्रष्टाचार सम्बन्धी आरोपको खण्डन समेत गर्न सकेको छैन्।

## मधेशवाट १३ सय ३० मिटरब्याजी पीडितको उजुरी

## जानकी नगरवाट ७१ लाखको कपाली तमसुक बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उप-महानगरपालिका-७ वाट ७१ लाख बरावरको कपाली तमसुक बरामद गरिएको छ।

महोत्तरी प्रहरीले सो कपाली तमसुक बरामद गरेको छ। महोत्तरी जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको मिटर ब्याजी अनुरुद साहको ससुराली जनकपुरधाम ७ जानकी नगरको घरबाट एकहत्तर लाखभन्दा बढीको कपाली तमसुक बरामद गरेको छ।

प्रहरी नायब उपरीक्षक चन्देश्वर यादवका अनुसार उनले १३ जनासँग मिटर ब्याज चलाएर बीस लाख तेत्तीस हजार ठगी गरेको व्यहोराको उजुरी विगत डेढवर्षदेखि जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएको र त्यसपछि उनी पछि फरार भएका थिए।

शनिबार पक्राउ परेका उनको ससुराली घरबाट एकहत्तर लाख चौवालीस हजार तीन सय पचास रुपैयाँको नौ थान कपाली तमसुक बरामद भएको हो। महोत्तरी र धनुषासहित पूर्वको झापा जिल्लासम्मका मानिससँग मिटर ब्याजको कपाली तमसुक गराएको नौ थान कपाली तमसुक प्रहरीले साह बस्दै आएको धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका- ७ ससुराली घरबाट बरामद गरेको छ।

उनले ५० हजारका नौ लाखसम्मको कागज बनाएको, कतिको १२ गुणा बढीको कागज बनाएको र कतिलाई ब्याजको रकम माफ गरिदिन यौन प्रस्ताव गरेको तथा दर्जनौं बढी व्यक्तिको थातथलो हडपेको भनेर जिल्ला प्रशासन कार्यालयमा १४ जनाले उजुरी गरेका थिए।

यसैगरी निज साह उपर २०७७ माघ २९ गते महोत्तरी जिल्ला अदालतमा १४ जनाले

**गृहमन्त्रीले दिएको जानकारी अनुसार सबैभन्दा बढी मधेश प्रदेशबाट अहिलेसम्म १ हजार ३ सय ३० उजुरी परेको छ। कुल उजुरीको करिब ६८ प्रतिशत मधेश प्रदेशबाटै आएको छ। त्यस्तै लुम्बिनी प्रदेशबाट २ सय ११ उजुरी परेको छ। त्यसैगरी वाग्मतीबाट २ सय २, प्रदेश १ बाट ९२, सुदूरपश्चिमबाट ४५, गण्डकीबाट ३५ र कर्णालीबाट २२ वटा उजुरी परेको गृहमन्त्री खाँणले जानकारी दिए।**

बयालिस लाख बयानब्बे हजार एक सय ९० बराबरको बिगो दाबीसहित ठगी तथा आर्थिक शोषण मुद्दा दायर गरेकामा उनलाई अदालतले एक लाख ५० हजार धरौटी राखी तारेखमा छाडेको थियो। सो मुद्दा अझै पनि अदालतमा विचाराधीन छ।

मिटर ब्याजी साहलाई प्रहरीले करिब डेढ वर्षको प्रयासपछि शनिबार साँझ ७ बजेतिर भङ्गाहा नगरपालिका- ५ बाट पक्राउ गरिएकामा जिल्ला अदालतबाट म्याद थप गराइ हिरासतमा लिएर अनुसन्धान अगाडि बढाएको छ। त्यस्तै साहविरुद्ध आर्थिक शोषण तथा ठगीमा परेका थप व्यक्तिसँग उजुरी लिने क्रम पनि भइरहेको प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले बताए।

यता, देशभरबाट १ हजार ९ सय ३७ मिटरब्याज पीडितहरूको उजुरी परेको छ। सोमबार विविध विषयमा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री बालकृष्ण खाँणले उक्त जानकारी गराउँदै मिटरब्याजको समस्या सोचेभन्दा व्यापक भएको बताएका हुन्।

गृहमन्त्रीले दिएको जानकारी अनुसार सबैभन्दा बढी मधेश प्रदेशबाट अहिलेसम्म १ हजार ३ सय ३० उजुरी परेको छ। कुल उजुरीको करिब ६८ प्रतिशत मधेश प्रदेशबाटै आएको छ। त्यस्तै लुम्बिनी प्रदेशबाट २ सय ११ उजुरी परेको छ। त्यसैगरी वाग्मतीबाट २ सय २, प्रदेश १ बाट ९२, सुदूरपश्चिमबाट ४५, गण्डकीबाट ३५ र कर्णालीबाट २२ वटा उजुरी परेको गृहमन्त्री खाँणले जानकारी दिए।

सरकारले केही दिनअघि मिटरब्याजबाट उत्पन्न अपराध नियन्त्रण तथा सुदखोरको पहिचान एवं छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भीष्म भुसालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउन भनिएको छ।

कार्यदलमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका एसएसपी दिनेश आचार्य, गृह मन्त्रालयका उपसचिव श्रीकृष्ण पौडेल, काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा सदस्य र सीआईबीका डीएसपी रोशन खड्का सदस्यसचिवका रूपमा रहेका छन्।

पश्चिम नवलपरासीका मिटरब्याजीबाट पीडितहरू करिब ३ हप्तादेखि काठमाण्डुको माइतीघरमा धर्ना दिइरहेका छन्। उनीहरू उधारो सहमति गरेर घर नफर्किने बताइरहेका छन्। कार्यदलका संयोजक भुसालले केही जिल्लाबाट तथ्यांक आउनै बाँकी रहेको बताएका छन्।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ भाद्र १० गते सम्म

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

clear tv | SIM TV अब हर घर डिजिटल | MAX DIGITAL TV | NET TV DRIVEN BY INNOVATION | mero TV

Ch-44 Ch-146 Ch-48

टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY Janakpur



धानमा औषधि छर्किंदै किसान : सप्तरीको तिरहुत गाउँपालिका-१ स्थित त्रिकोलमा कीरा लागेको धानमा औषधि छर्किंदै किसान । तस्विर : रासस

# अनाथ आश्रमलाई आर्थिक सहयोग




काठमाण्डु । समाजसेवी एवं महिला उद्यमी सविता ढुङ्गानाले तुलसादेवी हरिहर फाउन्डेसनद्वारा सञ्चालित तुलसालय अनाथ आश्रमलाई रु एक लाख आर्थिक सहयोग उपलब्ध गराउनुभएको छ।

उहाँले सो आश्रमलाई प्रत्येक वर्ष रु एक लाख आर्थिक सहयोग गर्ने घोषणा पनि गर्नुभयो । चाँगुनारायण नगरपालिका-४ साङदह भक्तपुर स्थित तुलसालय आश्रममा आइतबार आयोजित एक समारोहमा समाजसेवी ढुङ्गानाले तुलसालय आश्रम सञ्चालक संस्था तुलसादेवी हरिहर फाउन्डेसनकी अध्यक्ष सरु सुवेदीलाई सो रकमको चेक हस्तान्तरण गर्नुभयो।

समाजसेवी ढुङ्गानाले उक्त तुलसालय आश्रमले अनाथ एवं अपाङ्गता भएका बालबालिकाका साथै ज्येष्ठ नागरिक र मानसिक रोग भएकाको उद्धार र लालनपालन गरेको आफूले फेसबुकबाट जानकारी पाएर सो रकम सहयोग गरेको बताउनुभयो।

उहाँले आफू बाचुञ्जेल अब हरेक वर्ष रु एक लाख आर्थिक सहयोग सो आश्रमलाई उपलब्ध गराउने पनि सोही कार्यक्रममा घोषणा गर्नुभयो।

उक्त आश्रमले अनाथ एवं असहाय बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा मानसिक रोग भएकालाई चाँगुनारायण र ललितपुर महानगरपालिका- २५ स्थित नख्खुटोलमा अलग अलग राखेर लालनपालन एवं शिक्षादीक्षा प्रदान गर्दै आएको छ।

हाल सो आश्रममा रहेका २६ बालबालिका विद्यालय जाने गरेका छन् भने विभिन्न उमेर समूहकाका ४४ जना उद्धारपछि आश्रममा आश्रित रहेका अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार उद्धार गरिएकामध्ये केहीलाई पुनःस्थापना गरिएको छ।

उहाँले आश्रममा रहेका बालबालिकालाई राम्रो शिक्षादीक्षा दिन तथा मानसिक रोग भएकालाई उपचार सेवासमेतका लागि आर्थिक अभाव रहेका बेला आएको सो सहयोग र प्रतिबद्धताका लागि समाजसेवी ढुङ्गेललाई धन्यवाद दिनुभयो।

सडकमा अलपत्र अवस्थामा भेटिएका यस्ता अनाथ एवं असहाय बालबालिका तथा विभिन्न उमेर समूहका नागरिकलाई प्रहरीले आश्रममा ल्याइदिने तर नेपाल सरकार तथा स्थानीय सरकारले आफ्नो दायित्व बहन गरी यस्ता आश्रमलाई कुनै आर्थिक सहयोग नगर्ने भएकाले आश्रममा आश्रितको लालनपालनमै गाह्रो हुँदै गएको अध्यक्ष सुवेदीले बताउनुभयो।

सो आश्रममा सातौँ छोरीका रुपमा जन्म लिएर पाँच मिनेटमा नै आमा गुमाउन पुगेकी हुम्लाकी आठ महिनाकी स्तुतिदेखि चिकित्सकका रुपमा २८ वर्षसम्म नेपाल सरकारको सेवा गरेका ६४ वर्षीय डा भगवानभक्त श्रेष्ठसम्म आश्रित छन् ।रासस

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्धबारे अन्तर्राष्ट्रिय सम्मेलन हुँदै



काठमाण्डु । नीति अनुसन्धान प्रतिष्ठानले यही भदौ १० देखि १२ गतेसम्म नेपालको अन्तर्राष्ट्रिय सम्बन्धबारे अन्तर र्राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ।

तीन दिनसम्म हुने ‘ अन्तर्राष्ट्रिय सम्बन्धःनेपाल र विश्व व्यवस्था’ विषयक सम्मेलनमा अन्तर्राष्ट्रिय सम्बन्धमा स्थापित शैक्षिक संस्था तथा विश्वविद्यालयबाट विद्यावारिधि गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा महत्वपूर्ण भूमिकामा रहेका नेपाल र भारतका ४० वर्षभन्दा कम उमेरका एकसय जना विज्ञ युवाको सहभागिता रहनेछ।

सम्मेलनमा विज्ञले आफ्ना कार्यपत्र प्रस्तुत गर्ने प्रतिष्ठानका निर्देशक डा दीपककुमार अधिकारीले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा नवीनतम् विचार युवापुस्ताको मस्तिष्कबाट आओस् भन्ने सम्मेलनको मुख्य उद्देश्य रहेको छ । नयाँ पुस्ताले यस विषयमा प्रस्तुत गर्ने विचार नै भविष्यमा अन्तर्राष्ट्रिय सम्बन्धका लागि पथप्रदर्शन बन्ने आयोजकको विश्वास छ। निर्देशक अधिकारीले नेपालले भविष्यमा कस्ता नीतिका आधारमा विश्वलाई हेर्ने भन्ने विषयमा यस कार्यक्रमले गहन विषयवस्तुको प्रकाशन गर्ने उल्लेख गर्नुभयो। सम्मेलनमा वातावरण, संस्कृति, विश्व राजनीति, सुरक्षा, शान्ति, स्थिरता, व्यापार, प्रविधिलगायतका विषयमा बेग्लाबेग्लै सत्रमा छलफल हुनेछ। नयाँ विश्व व्यवस्थामा नेपालको विदेश नीतिबारे कार्यक्रमले दिशानिर्देश गर्ने कार्यक्रमका संयोजक डा विनयकुमार मिश्रले जानकारी दिनुभयो।

सम्मेलनबाट आएका अनुभवले भविष्यका लागि युवाले आफ्नो मार्गचित्र बनाउँदा सहयोग पुग्नेछ भन्नेमा आफूहरु विश्वस्त रहेको उहाँले बताउनुभयो । आजको युवा मस्तिष्कले के सोचेको छ र भविष्यमा त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्नेबारेमा यस कार्यक्रमबाट समाजलाई थाहा दिइने आयोजकको भनाइ छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले भदौ १० गते उद्घाटन गर्ने सम्मेलनको समापन पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले भदौ १२ गते गर्ने तय भएको छ ।रासस

# पशुपति सङ्ग्रहालयको शुभारम्भ

काठमाण्डु । पशुपति क्षेत्रका महत्वपूर्ण चीजबीजको सङ्ग्रह गरी पशुपतिनाथ मन्दिरअघिको महास्नान घरमा पशुपति सङ्ग्रहालयको शुभारम्भ गरिएको छ।

सङ्ग्रहालयको सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले उद्घाटन गर्नुहुँदै नेपालको इतिहास, संस्कृति र सम्पदालाई विश्वमा चिनाउन यसले सहयोग गर्ने बताउनुभयो। नेपालमा पर्यटन प्रवर्द्धनका लागि संस्कृति र सम्पदाको संरक्षण गरिनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिनुभयो।

“मूर्त, अमूर्त सम्पदा संरक्षणलाई सरकारले प्राथमिकतामा राखेको छ, सम्पदाका माध्यमबाट पर्यटनको विकासलाई सहयोग गर्छ, यसले अर्थतन्त्रलाई टेवा दिन्छ, पशुपतिनाथ मन्दिर आउने धर्मावलम्बी र पर्यटकका लागि सङ्ग्रहालय आकर्षक केन्द्र बन्नेछ”, उहाँले भन्नुभयो।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापाले नेपाल इन्भेष्टमेन्ट बैंकको रु पाँच करोड सहयोगमा सङ्ग्रहालय निर्माण भएको जानकारी दिनुभयो। विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त महास्नान घरलाई बैंकले प्रबलीकरण गरी सङ्ग्रहालय निर्माण गरेको हो।

“भूकम्पले भत्किएका पशुपति क्षेत्रका ९६ मध्ये ६३ वटाको पुनःनिर्माण सम्पन्न भएको छ, पशुपति क्षेत्रमा आठ सय १८ सम्पदा छन्, यसको संरक्षणका लागि कोषले काम गरिरहेको छ”, उहाँले भन्नुभयो।

सङ्ग्रहालयमा दुई सय ६५ सामग्री राखिएको जानकारी पनि सदस्य सचिव थापाले दिनुभयो । विसं २०८० मा भ्रमण वर्षका रुपमा पशुपति दर्शन कार्यक्रमको आयोजना गर्न लागिएको जानकारी पनि उहाँले दिनुभयो।

मन्त्रालयका निमित्त सचिव बुद्धिसागर लामिछानेले सङ्ग्रहालय निरन्तर सञ्चालनका लागि सरोकार भएका निकायका बीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । बैंकका अध्यक्ष पृथ्वीबहादुर पाण्डेले सङ्ग्रहालय निर्माणसँगै विगत पाँच वर्ष अघिदेखि पशुपति क्षेत्रको सरसफाइमा पनि बैंकले सहयोग गरिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा सङ्ग्रहालयको निर्माणमा लाग्नुभएका वास्तुविद् पद्मसुन्दर महर्जन, कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडा लगायतले पशुपति क्षेत्रको महत्व बढाउन सङ्ग्रहालय सफल हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# कल्याणपुर नगरपालिका द्वारा शोक विदा

**टुडे समाचारदाता**

लहान । नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य प्रदीप गिरीको निधनमा सिरहाको कल्याणपुर नगरपालिकाले सोमबार शोक विदा दिएको छ।

कल्याणपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु रन्जन बरालद्वारा जारी सूचनामा नेता गिरीको निधनमा नगरपालिकाले शोक विदा दिएको उल्लेख छ । लहान नगरपालिका-१४ निवासी गिरीको निधनमा लहानले आइतबार सार्वजनिक विदा दिएको थियो ।

भारतको मुम्बईमा क्यान्सरको उपचार गरेर फर्किएका गिरीको स्वास्थ्यमा समस्या देखिएपछि साउन दोस्रो साता मेडिसिटी अस्पताल नख्खुमा भर्ना गरिएको थियो । उनको शनिबार राति उपचारकै क्रममा निधन भएको थियो।

# निकुञ्ज क्षेत्रमा वृद्ध मृत फेला



चितवन। माडी नगरपालिका-३ का एक वृद्ध निकुञ्जको मध्यवर्ती क्षेत्रमा मृत अवस्थामा भेटिएका छन् । पचहत्तर वर्षीय झगरु महतो मृत अवस्थामा भेटिएका हुन्।

आइतबार साँझ ६ बजे सिमलचौर क्षेत्रमा महतोको शव भेटिएको थियो । शव भेटिएको क्षेत्रमा गैंडाको पाइला देखिएकाले गैंडाको आक्रमणबाट निजको मृत्यु भएको अनुमान गरिएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो।

वडा नं ३ बोटेसिमाराका उनी डुल्ने क्रममा गैंडाले आक्रमण गरेको हुनसक्ने अनुमान गरिएको छ ।रासस

# आन्दोलनले बजारमा माछा पठाउन कठिन

चितवन । भेटेरिनरी चिकित्सकको आन्दोलनका कारण जिल्लामा उत्पादित माछा बजारमा बिक्री गर्न नपाइएको नेपाल मत्स्य व्यवसायी सङ्घ चितवनले जनाएको छ । सङ्घले आज यहाँ पत्रकार सम्मेलन गरी बिक्रीका लागि तयार भएका माछा बजारमा पुऱ्याउन नपाउँदा समस्या बन्दै गएको जनाएको हो।

सङ्घका अध्यक्ष खगेन्द्र सुवेदीका अनुसार जिल्लाबाट दैनिक पाँच टन माछा बिक्रीका लागि कास्की र काठमाडौँ जाने गरेकामा भेटेरिनरी चिकित्सकको आन्दोलनका कारण पठाउन नपाइएको हो । उहाँले भन्नुभयो, भेटेरिनरी चिकित्सकले क्वारेन्टिन नगरेसम्म उत्पादित माछा जिल्ला बाहिर लैजान नपाइने हुँदा समस्या आएको छ।’

प्रतिनिधिसभाले क्वारेन्टिनका लागि जेटिएलाई अधिकार दिएपछि चिकित्सक आन्दोलित बनेका हुन् । उहाँका अनुसार भदौ ४ गते माछा बोकेर जाँदै गरेको गाडीलाई प्रहरीले पक्राउ गरी कारबाही गरेसँगै माछा बिक्रीका लागि बजार पठाउन नसकिएको हो। उहाँले भन्नुभयो,‘क्वारेन्टिन गर्न नपाउँदा माछा अवैधरूपमा लगेको भनी हाम्रा गाडी फर्काइयो र कर्मचारीलाई थुनियो।’

चितवनमा वार्षिक छ हजार पाँच सय मेट्रिकटन माछा उत्पादन हुँदै आएको छ । सोमध्ये ३० देखि ३५ प्रतिशत माछा अहिले बिक्रीका लागि योग्य भएका छन्। ती माछा बजारमा लान नपाउँदा किसान मर्कामा परेका हुन् । सङ्घले पत्रकार सम्मेलनमार्फत सरोकारवालालाई ध्यानाकर्षण गराएको छ।

नेपालमा उत्पादित माछा विना रोकतोक नेपालको जुनसुकै स्थानमा ढुवानी गरी बिक्री वितरण गर्न पाउनुपर्ने, नेपालको जिउँदो तथा स्वस्थकर माछा रोकेर भारतीय विषाक्त माछा भित्र्याउने राज्यको नीति तुरुन्त खारेज गरिनुपर्ने मागसहित सङ्घले ध्यानाकर्षण गराएका हो । यस्तै मागहरुमा माछा उत्पादन क्षेत्रलाई उद्योगमा नभई व्यवसायलाई कृषिमा नै दर्ता गरिनुपर्ने, भेटेरिनरी चिकित्सकको आन्दोलनका कारण राष्ट्रिय उत्पादनमा हुने आर्थिक आयको क्षति रोक्न सरकारले तत्काल पहल कदम लिनुपर्ने, भेटेरिनरी चिकित्सकको आन्दोलनले राष्ट्रव्यापी बजारीकरणलाई निरुत्साहित र विदेशी माछा आयातलाई प्रोत्साहन पुगेको भन्दै सङ्घले यसको उचित निकास निकाल्न आन्दोलनरत पक्षलाई आग्रह गरेको छ।

सङ्घले आन्दोलनका कार्यक्रमसमेत घोषणा गरेको छ। माछा ढुवानी तथा ओसार पसारमा देखिएको समस्या समाधानका लागि जिल्ला प्रशासन कार्यालयसहित सरोकारवाला निकायलाई लिखित जानकारी गराई उचित निकासका लागि अनुरोध गर्ने, विदेशी माछा मासु निर्बाधरूपमा गरिएको आयातलाई कडाइका साथ जाँच गर्ने, शङ्का लागेमा वा भन्सार छली आएको अथवा अस्वस्थकर भएमा जिल्ला प्रशासन कार्यालयसँग सहकार्य गरी कारबाही अघि बढाउने आन्दोलनका कार्यक्रम रहेको सो अवसरमा जानकारी दिइएको थियो।

सङ्घका केन्द्रीय लेखा आयोगका सदस्य सुदर्शन दुवाडीले आयातलाई प्रतिस्थापन र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने समयमा चिकित्सकको आन्दोलनका कारण माछा किसान मर्कामा परेको बताउनुभयो । वस्तुको विशेषता हेरेर काम गर्न उहाँले आग्रह गर्नुभयो । अहिले माछा बचाउन मुस्किल हुने समयमा उत्पादित माछा बिक्री वितरण गर्न नपाउनु न्यायोचित नरहेको उहाँको भनाइ थियो।

अहिले जिल्लामा एक हजार चार सय माछा कृषक रहेका छन् । उनीहरुले नौ सय हेक्टर क्षेत्रफलमा माछापालन गर्दै आएको सङ्घले जनाएको छ । उत्पादित माछामध्ये दैनिक दुई हजार किलो मात्रै जिल्लामा खपत हुने गरेको सङ्घको भनाइ छ ।रासस

## मोटरसाईकल हरायो

जि. धनुषा जनकपुरधाम उपमहानगरपालिका-११, घर अगाडि मा पाकिङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो/ब्लु रंगको पल्सर २२० सी.सी. मोटरसाईकल २०७९/०५/१ गते राति करिब ७:४५ बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

**सवारी धनीको नाम: हुलास अटो क्राफ्ट प्रा.लि., रामग्राम, काठमाण्डु**
**प्रयोगकर्ता :- सम्साद लहेरी**
**सवारी नं.: म.प्र.०२-००५प-९५८४**
**इन्जिन नं.** : DKXCMH29405
**चेसिस नं.** : MD2A13EX6MCH95405
**सम्पर्क नं.** : ९८१२०३५७९५

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : धन बृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बाह्र लाख भूमिहीनको निवेदन सङ्कलन

चितवन । राष्ट्रिय भूमि आयोगअन्तर्गतका कार्यालयमा १२ लाख भूमिहीनको निवेदन परेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन सङ्कलन भएको हो ।




यो सङ्ख्या १५ लाख हाराहारी पुग्ने अनुमान आयोगका पदाधिकारीले गरेका छन् । ती मध्ये भूमिहीन दलित १५ प्रतिशत, भूमिहीन सुकुम्बासी २० प्रतिशत र अव्यवस्थित बसोबासी ६५ प्रतिशत हाराहारी रहेको आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले जानकारी दिनुभयो । निवेदन सङ्कलन भएकामध्ये छ लाखको 'कम्प्युटर इन्ट्री ' भइसकेको छ भने दैनिक पाँच हजार हाराहारीमा 'इन्ट्री' को काम भइरहेको छ ।

निवेदन सङ्कलन भएकामध्ये छ लाखलाई निस्सा वितरण गरिसकिएको छ । कम्प्युटर इन्ट्री बाँकी रहेकालाई पनि निस्सा भने वितरण गरिएको छ । आयोगले पाँच सय ३० स्थानीय तहहरूसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरी काम अघि बढाएको छ । बाँकी स्थानीय तहमा यसअघि नै सहमति भई काम भइरहेको थियो । यही भदौ २ गतेबाट २४० स्थानीय तहमा लगत सङ्कलन फर्म भर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो । तीबाहेकका पालिकामा यो काम भईसकेको छ ।

पहिला फर्म भरेका पालिकामा छुटेकाका लागि दोस्रो पटक सूचना आह्वान गरिएको उपाध्यक्ष खड्काले बताउनुभयो । ३३ स्थानीय तहमा लालपुर्जा वितरणको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । आयोगले २०७८ भदौमा काम थाल्दा निवेदन सङ्कलन गरिएको भए पनि कम्प्युटर इन्ट्री थोरै मात्र भएको खड्काले जानकारी दिनुभयो । आयोगले यसअघिका अधुरा कामसमेत गरिरहेको छ। यसअघिका आयोग, कार्यदल, जग्गा दर्ता समितिले काम गर्दा छुटेका र समस्या देखिएकालाई सम्बोधन गर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

आयोगले सहरी र ग्रामीण क्षेत्रमा प्रयोजनका आधारमा एक सय ३० वर्ग मिटरदेखि एक बिघा १० कट्ठासम्म जग्गा दिने व्यवस्था गरेको छ । ठाउँअनुसार क्षेत्रफल धेरै र थोरै छ । चालु आर्थिक वर्षमा पाँच लाखलाई लालपुर्जा वितरण गर्ने गरी काम भइरहेको उहाँको भनाइ छ । बाँकीलाई आउँदो वर्ष लालपुर्जा वितरण गर्न सकिने खड्काले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले लिएको लक्ष्यअनुसार काम सम्पन्न प्राविधिक र स्रोत साधन थप चाहिन्छ ।"

स्थानीय तहहरूले समन्वय र सहयोग गरेका ठाउँमा काम छिटो अघि बढेको छ । उहाँका अनुसार भरतपुर महानगरपालिकामा आयोगको काम धेरै सम्पादन भएको छ । महानगरपालिकाले प्राविधिक जनशक्तिसँगै आवश्यक उपकरण खरिद गरेर कामलाई छिटो गर्न सहयोग गरेको छ । नापजाँचका लागि आयोगसँग न्यून उपकरण छन्।

महानगरपालिकाले आफैँले खरिद गरेर 'हाई रिजुलेसन सेटलाइट इमेज' आयोगलाई उपलब्ध गराएको छ । उपाध्यक्ष खड्काले भन्नुभयो, "भरतपुर महानगरपालिकाले झै प्राथमिकता दिएमा छिट्टै भूमिहीनलाई पुर्जा वितरण गर्न सकिन्छ ।"

अन्य पालिकाले पनि सहजीकरण गरिरहेको हुँदा काममा सहजता आएको उहाँको भनाइ छ । आयोगमा परेका निवेदन ९१ वर्ष उमेरसम्मका जेष्ठ नागरिकको समेत छ । उनीहरू पुस्तौंदेखि लालपुर्जाविहीन भएर बसेकासमेत छन् ।रासस

# 'सुख्खाले धानको बिरुवा मर्ने सम्भावना'

**टुडे समाचारदाता**

महोत्तरी । यसपाली बर्खायाममा पनि राम्ररी पानी परेन । असारमा दुई झमट, साउनमा त्यही तीन/चार पटक । भदौ लागेपछि त झन चैत/वैशाखको झैं तातो बतास चल्दैछ । पानी पर्ने लक्षण देखिँदैन । राम्ररी पानी नपर्दा महोत्तरीका किसानले अपेक्षित रुपमा मुख्यबाली धान रोप्न पाएका छैन् ।



पहिलेको रोपिएको ठाउँमा पनि सुख्खाले धानको बिरुवा मर्ने सम्भावना बढेको छ । खेतबारीमा सिँचाइको कुलो/नहर नपुग्दा खेतीका लागि आकाश ताक्नुपर्ने किसानलाई पानी अलि बढी पर्दा बाढी पसेर घर ढाल्ने त्रास पनि उत्तिकै छ । कुलो/नहर नहुँदा सिँचाइको अभाव खेप्दै आएका किसानलाई पानी बढी पर्दा बाढी घरमा पस्ने नदी र खोल्सी व्यवस्थापन नहुँदा पनि कहाँ बस्ने भन्ने चिन्ताले सताउँछ । "के गरौं हामी त आश र त्रासमै मर्ने भयौं, पानी नपर्दा खेतीपाती नलाग्ने चिन्ता, पानी बढी पर्दा खोलाखोल्सी उर्लेर घरबारी बगाउने त्रास" भङ्गाहा-४ पलार बस्तीका सत्यनारायण चौधरी भन्छन्, "कुलोले खेतमा पानी लगाउने र बाढी आउँदा पनि ढुक्कले निदाउने दिन हाम्रो कहिले आउला ?" बस्तीसँगै टाँसिएको रातु नदीको बाढीले बस्ती कटान नगर्ने व्यवस्थाका लागि मन्त्री, सांसद, नगरप्रमुख र अन्य नेतालाई कैयौंपटक गुहारे पनि गरिब दुःखीको आफूहरुको बस्ती उनीहरुको आँखामा नपरेको चौधरीको गुनासो छ । बर्खाकालमा बर्दिबास-१ का विनोद खड्कालाई पनि राति राम्ररी निन्द्रा लाग्दैन । घर मास्तिर पाखामा कालो बादल देखिनासाथ खड्काको परिवार दुई वर्षअघिको विपत्ती सम्झन्छ । विसं २०७७ को असार मसान्त ताका गणन्ते खोल्सीको भेलले घरको कोठाचोटा सबै बालुवा र गेगरले पुरेको सम्झनाले नै झस्काउने गरेको विनोद बताउछन् । त्यतिखेर पाखा कन्दरा भत्काउँदै उर्लेर आएको गणन्ते खोल्सीको बाढीले बर्दिबास मुख्यचोक नजिकै रहेको उहाँको घरभित्रसम्म गेगर थुप्र्याउँदा करोडौं मूल्यका मोटर पार्ट्सका समान पुरिएर नोक्सान भएको थियो ।

बर्दिबास नगरपालिकाको वडा नं १, २ र १४ को पूर्वी साँध रातु नदी र पश्चिमी साँध भब्सी नदीबीच करिब दुई किलोमीटरको दूरीमा १० भन्दा बढी खोल्सीले बर्सेनिजसो बर्खाकालमा उत्पात् मच्चाउँदै आएको छ । पहाडी शृङ्खलाबाट झर्ने दाहाल्नी खोल्सी, हवल्दार खोल्सी, गणन्ते खोल्सी, कामी खोल्सी, पानी खोल्सी, साँपमारा खोल्सी, बलुवानी खोल्सी, जोगी खोल्सी, ठूलो बलुवानी खोल्सी र पेरुङ्गे खोल्सी व्यवस्थित गर्न नसकिदा सधैं घर पो ढाल्ने हो कि भन्ने पिरलो भइरहने यहाँका बासिन्दा बताउँछन् । "यसपालि भने ठूलो वर्षा नहुँदा खोल्सी बौलाएका छैनन्" साँपमारा खोल्सी नजिक घर भएकी राधा अधिकारीले सन्तोषको श्वास फेर्दै भनो पानी नपर्दा घर ढल्ने त्रास नपरे पनि त्यै पानीबेगर बाली लगाउन नपाइएको चिन्ता पनि उत्तिकै रहेको राधा बताउ छिन् ।

बर्दिबास चोक क्षेत्रमा आवादी बढ्दै गएसँगै यहाँका खोल्सीको बहाव क्षेत्र साँघुरिदै गएपछि बर्खामा यिनको उत्पात बढ्ने गरेको विज्ञहरु बताउँछन् । "पहाडबाट झर्ने खोल्सीले बग्ने ठाउँ नपाएपछि बस्तीहरु बाढीको जोखिममा परेका हुन्" पछिल्ला १५/१६ वर्षदेखि चुरे जलाधार क्षेत्रको संरक्षणमा अभियान नै सञ्चालन गर्दै आएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवासका अध्यक्ष नागदेव यादव भन्छन, "वन क्षेत्रको संरक्षण र खोल्सी व्यवस्थापन नगरी दिनदिनै बढ्दै गएको शहरीकरणले अझ भयावह अवस्था सिर्जना गर्न सक्छ ।"

सघन बजार क्षेत्रमा खोल्सी पुरेर सडक बनाउने, घर बनाउने र अन्य संरचना बनाउने होड चलेपछि बर्खे भेल निकासको ठाउँ नभएर बस्ती असुरक्षित हुँदै गएको यादवको भनाइ छ। पछिल्ला केही वर्षयता खोल्सीमा बाँध बाँध्ने काम ठाउँठाउँमा थालिए पनि यो कुनै निकायको प्राथमिकतामा नपर्दा सबै खोल्सी व्यवस्थित हुन सकेका छैनन् । "मुख्य कुरा त यी खोल्सीको बहाव नै थुनिएर संरचना बनेका छन्, यिनले बग्ने ठाउँ त पाउनु पऱ्यो नि !" अध्यक्ष यादव भन्छन ।

महोत्तरी जिल्लाको उत्तरी सीमा चुरे पहाडबाट निस्कने रातु, भब्सी, जङ्घा, गणन्ता, ढुङ्ग्रे, ढोलनखोला, टुटेश्वर, खयरमारा, मडहा र बाँके लगायतका नदीमा सयौं सङ्ख्याका खोल्सी मिसिएका छन् । वन क्षेत्रभित्रै मुख्य नदीमा मिसिने खोल्सीले त्यति कटान नगरे पनि बस्ती क्षेत्र हुँदै मुख्य नदीमा मिसिने खोल्सीका बहाव क्षेत्र भने मासेर संरचना बनाइँदा कटान, डुबानको समस्या बढेकामा विज्ञहरु एकमत छन् ।जिल्ला भएर बग्ने मुख्य नदीमध्येको रातुमा मात्रै १३० भन्दा बढी खोल्सी मिसिएका छन् । तीमध्ये १० वटा खोल्सी बर्दिबास मुख्यबजार (वडा नं १, २ र १४) छिचोल्दै रातु र भब्सी नदीमा मिसिन्छन् । मुख्य नदीमा मिसिनुपूर्व बस्ती क्षेत्रमा खोल्सीका बहाव क्षेत्र मासिएको चुरेविज्ञ डा. बिजयकुमार सिंह बताउछन ।

"वन क्षेत्रमै पनि खोल्सीबाट हुने कटान रोक्न योजनाबद्ध खोल्सी व्यवस्थापनको आवश्यकता छ" विगतमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमा विज्ञ सेवा दिइसक्नु भएका जिल्लाकै भङ्गाहा नगरपालिका-७ का स्थायी बासिन्दा डा. सिंहले भने, "बस्ती क्षेत्रमा त यो हुने नै हो, खोल्सीको बग्ने ठाउँ थुनेर बनाइएका संरचना बर्खे भेलले बगायो, भत्कायो भनेर विलौना गर्नुको कुनै अर्थ छैन ।" सैंनि नदीहरुको ताण्डव व्यहोरेर पनि जिल्लाका सबै स्थानीय तहले एक ठाउँ बसेर अहिलेसम्म समीक्षासम्म गर्न नसक्नु दुःखको कुरा बनेको डा. सिंह बताउछन । "बर्सेनि बाढीको ताण्डव खेप्दै आइएको छ, तर त्यसबाट जोगिने उपायबारे स्थानीयतह नेतृत्व बेखबर देखिन्छ" डा. सिंह भन्छन, "बाढीले जिल्लाका सबै स्थानीयतह प्रभावित हुँदै आएका छन, यसको प्रबन्धका लागि सबै स्थानीय तहको तत्परताको आवश्यकता छ ।" स्थानीय तहहरु भने बर्सेनि सडकमा ग्रावेल ओछ्याउने, माटो पुर्ने र मर्मत गर्ने योजनामा बढी अल्झेको डा. सिंहको गुनासो छ ।

जिल्लामा सुदूर उत्तरदेखि सुदूर दक्षिणसम्म र पूर्वदेखि पश्चिमसम्म यसपालि बाढी र डुबानको समस्या सर्वसाधारणले त्यति धेरै भोग्न परेन । बर्खायामको भदौ सिङ्गै बाँकी नै छ । यसपालि जिल्लामा बाढीबाट मानवीय क्षतिका घटना नभए पनि विगत वर्षहरुमा बाढीले घरखेत बगाइएकाहरु अझै बौरिन सकेका छैनन् । बाढी र डुबानले बस्ने घर, खाने अन्न र आङ् ढाक्ने लुगासमेत नजोगिदा यहाँका सर्वसाधारणको यो पीडा नियति नै बनेको छ । तर, यो विपत्तीको मुख्य कारण खोज्न जनताको प्रतिनिधित्व गर्ने स्थानीय तहले कुनै तदारुखता नदेखाएको यहाँका बुद्धिजीवीको गुनासो छ । जिल्लाका सबैजसो नदीका मुहान चुरे पहाडी शृङ्खलामा छन् । यिनको दिगो व्यवस्थापनको एकीकृत योजना नबनेसम्म बाढीको कटान र डुबान समस्या समाधान नहुने विज्ञहरुको ठहर छ ।

खुकुलो माटो भएको चुरे क्षेत्रमा उत्खनन् गरिरहने, विकासका नाउँमा ठूलठूला यन्त्र लगाएर पहाड भस्काउने काम भइरहेकामा उहाँ चिन्ता व्यक्त गर्छन । जिल्लाका सबै स्थानीय तहको नेतृत्वले प्रदेश र सङ्घीय सरकारको सहयोग लिएर विज्ञहरु सम्मिलित गराई यसको निदान खोज्नुपर्ने डा. सिंहको कथन छ ।

जिल्लाका ठाउँठाउँमा खोल्सी व्यवस्थापनमा भएका प्रयत्नका सकारात्मक असर देखिएका उदाहरण पनि छन् । चुरे घाँटीका बर्दिवास-३ का पर्साहीधाप, रजवास, कालापानी र पाटुसहितका बस्ती सुरक्षित देखिएका छन् । यी बस्ती नजिकका खोल्सी दुबैतर्फबाट बाँधेर ठाउँठाउँमा जलाशय निर्माण गरिनाले पानी पुनःभण्डारण (रिचार्ज) मा मद्दत पुगेको छ। यस्ता खोल्सी छेउमा हुर्काइएका बाँसका झ्याङ् र अन्य सघन वृक्षले कटान रोक्न मदत गरेसँगै हरियाली प्रबर्द्धनमा सहयोग पुगेको डा सिंह बताउछन । सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासले थालेको यो प्रयत्नले सञ्चय गरिएको पानीबाट रजबास बस्तीमा २०० घरधुरीलाई खानेपानी र १०० हेक्टरभन्दा बढी जग्गा सिँचित भएको छ ।

जिल्लाको पूर्व-पश्चिम लम्बाई १८ किलोमिटर छ । चुरे पहाडी शृङ्खलामा यो दूरी बढ्छ । जिल्लाको दूरीभित्र पहाडी शृङ्खला र कापहरु हुँदै निस्केका ससाना खोल्सीको सङ्ख्या एक हजारको हाराहारीमा छन् । व्यवस्थापन नगरिंदा अभिशाप मानिदै आइएका यी खोल्सीले बर्सेनि घरखेत र मानवीय क्षति गर्दै आएका छन् । यसै दूरीभित्र हुँदै दक्षिणतर्फ बग्ने नदीले जिल्लाका विभिन्न बस्तीमा उत्पात मच्चाउँदै आएका यहाँ व्यहोरिरहेको व्यथा हो ।

"गर्दा हुन्छ भन्ने उदाहरण पनि यहीं भित्र छ" बर्दिवास-१ कै पानीखोल्सी व्यवस्थापनमा स्थानीयवासीले देखाएका तत्परताबारे बुझ्नु भएका बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तोपबहादुर ठकुरी भन्छन, "उजाड भएको पानीखोल्सी वन क्षेत्र स्थानीयको पहल कदमीले हराभरा भएको छ, खोल्सी व्यवस्थापनमा गरिएका प्रयत्नले बाढीबाट हुने क्षति घटाएको छ।" बर्दिबासचोक क्षेत्रका १० खोल्सीमध्ये व्यवस्थापनमा काम गरिएको पानीखोल्सीले बर्खामा कम क्षति गर्ने गरेको छ ।

बर्खा लागेपछि विलौनाका गीत गाउने र बर्खा सकिएपछि कानमा तेल हालेर सुत्ने बानीले बाढीको कटान र डुबानको पिरोलो नरोकिएको विज्ञ बताउँछन् । सबै तहका सरकारको सामूहिक प्रयत्नमा नदीजन्य बस्तुको अवैध उत्खनन्, चुरे क्षेत्रको दोहन र वन पैदावारको अवैध कटान रोक्नु पहिलो आवश्यकता स्थानीयवासीको बुझाइ छ । खोल्सी र नदी व्यवस्थापनमा गरिने योजनाबद्ध कामले भने बाढीको कटान र डुबान समस्याको निदानसँगै सिँचाइ व्यवस्थापनमा पनि दिगो समाधान देखिन्छ ।

# ज्यान मुद्दामा जेल बसेका र इञ्जिनीयर नै लागुऔषधको कारोबारी

काठमाण्डु । उपत्यकाबाट प्रतिबन्धित लागुऔषधसहित प्रहरीले भदौ २ र ३ गते तीन पुरुषलाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीद्वारा पक्राउ परेका तीनमध्ये एक जना कर्तव्य ज्यान मुद्दामा आठ वर्ष सजाय भुक्तान गरी छुटेका र अर्का सिभिल इञ्जिनीयर रहेको प्रहरीको अनुसन्धानबाट खुल्न आएको छ ।

भदौ २ गते बुप्रेनोर्फिन दुई सय ४३ एम्पुल, फेनारगन दुई सय ४३ एम्पुल र डाइजोपाम दुई सय ४३ एम्पुलसहित पक्राउ परेका ललितपुर-१८ बस्ने ३८ वर्षीय नवीन श्रेष्ठ रहेका छन् । कर्तव्य ज्यान मुद्दामा उनी यसअघि कारागार बसेर छुटेका थिए । उनलाई प्रहरीले ललितपुरबाट पक्राउ गरेको थियो । प्रहरीका अनुसार उनी आठ वर्षीय बालक धीरज अधिकारीलाई विसं २०६४ असोज १७ गते अपहरण गरी मारेपछि बागमती खोलामा फालेको अभियोग पुष्टि भई आठ वर्ष चार महिना कैद भुक्तान गरी छुटेको व्यक्ति हुन् । भदौ ३ गते काठमाडौँको कालोपुलबाट पक्राउ परेका ४३ वर्षीय सिभिल इञ्जिनीयर ध्रुव लिम्बुबाट पनि प्रहरीले प्रतिबन्धित लागुऔषध बरामद गरेको थियो । कालोपुलमा कम्प्युटर तथा मोबाइल मर्मत गर्ने गरेका सुनसरी जिल्ला धरान उपमहानगरपालिका-१० घर भएका लिम्बुबाट ब्यूरोको टोलीले लागुऔषध बुप्रेनोर्फिन पाँच सय ६० एम्पुल, फेनारगन पाँच सय ८४ एम्पुल र डाइजोपाम सात सय ३७ एम्पुलसहित नियन्त्रणमा लिएको थियो । लिम्बु पक्राउ परेपछि उनकै बयानका आधारमा बाफलको होस्टेलबाट अर्का थप एक लागुऔषध कारोबारीलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा पर्सा विन्द्यवासिनी गाउँपालिका-४ घर भई कालोपुल बस्ने ४० वर्षीय जमुना साह तेली रहेको लागुऔषध नियन्त्रण ब्यूरोका सूचना अधिकारी योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो । खड्काले तेली बस्ने होस्टेलको कोठामा छापा मार्दा बुप्रेनोर्फिन ९८ एम्पुल, डाइजोपाम एक सय दुई, एम्पुल बरामद भएको बताउनुभयो ।

तेलीले भारतको रक्सौलबाट आफूले प्रयोग गर्ने ना ४३ प ६६९३ नम्बरको मोटरसाइकलको पेट्रोल हाल्ने ट्याङ्की काटेर त्यसको तलपट्टी फल्स बटन राखी लागुऔषध ओसारपसार गर्ने गरेको प्रहरीको अनुसन्धानबाट खुल्न आएको छ ।रासस

# एक हप्ताभित्र सबै फोहर व्यवस्थापन गर्न निर्देशन

काठमाण्डु । काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र साहले उपत्यकाको फोहर व्यवस्थापन गर्न सहभागी निजी कम्पनीलाई आगामी एक हप्ताभित्र यसअघि थुपारिएको सबै फोहरको अन्तिम व्यवस्थापन गर्न निर्देशन दिनुभएको छ ।



काठमाण्डुका ३२ वडामध्ये मुख्य नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ । फोहर वर्गीकरण योजना भने ३२सै वडामा लागू गरिएको छ । हाल कामपाको फोहर व्यवस्थापन गर्ने स्थानमा विसर्जनको काम भइरहेको भए पनि निजी कम्पनी सहभागी भएका स्थानमा फोहर उठ्ने सुरसार नै नभएपछि प्रमुख साहले निजीलाई आगामी एक हप्ताभित्र फोहर बञ्चरेडाँडा लैजानका लागि निर्देशन दिनुभएको हो ।

उपत्यकामा क्षेत्र छुट्याएर महानगर र निजी क्षेत्रले फोहर उठाउँदै आएको छ । फोहर उठाउन नागरिकबाट पैसासमेत असुल गर्ने गरिएको छ । निजी क्षेत्र पैसा असुल गर्ने धन्दामा मात्र लागेको र नागरिकप्रति जिम्मेवार नभएका कारण सबै स्थानमा नियमितरुपमा फोहर व्यवस्थापन हुन नसकेको आरोप छ । आफूले लिएको जिम्मेवारी पूरा नगरेको भन्दै नियमित फोहर व्यवस्थापन नगर्ने निजी कम्पनीलाई कामपाले कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनीसमेत दिएको दिएको छ ।

कामपा एक्लैले व्यवस्थापन गर्दै आएका स्थानमा गत मङ्गलबारदेखि नियमितरुपमा उपत्यकाको फोहर व्यवस्थापन गर्न थालेसँगै कलङ्की, कालीमाटी, बल्खु, टेकुलगायतका स्थानको फोहरको अन्तिम व्यवस्थापनको काम सकिएको छ भने सडक सफा भएका छन् । फोहर व्यवस्थापनकै कारण दुई महिनादेखि बन्द रहेको कालीमाटी तरकारी बजारको मुख्य प्रवेशद्वार सञ्चालमा आएको छ । लामो समयदेखि काठमाडौँका १८ स्थानीय तहको फोहर व्यवस्थापन हुन नसक्दा सडक, चोकमा थुपारिएको फोहरको डङ्गुरले दैनिकीमा नै समस्या भएको थियो । कालीमाटी तरकारी बजार प्रवेश गर्ने स्थानमा फोहरका कारण आवतजावत बन्द थियो ।

दुई महिनादेखि विसर्जन हुन नसकेको उपत्यकाको फोहर व्यवस्थापनका सम्बन्धमा गत साता काठमाण्डु, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयबीच भएको चारबुँदे सहमतिपछि बिहीबारदेखि साविकबमोजिम फोहर व्यवस्थापन कार्य हुन थालेको हो ।

साविकबमोजिम फोहर व्यवस्थापनका लागि स्थानीयले अवरोध नगरे, पानी परेर बाटो बन्द नभए आगामी एक सातामा यसअघि थुप्रिएको सबै फोहर अन्तिम व्यवस्थापन स्थलसम्म लगिने कामपा वातावरण विभाग प्रमुख सरिता राईले जानकारी दिनुभयो । हाल कामपासहित अन्य १७ स्थानीय तहको फोहरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ ।

पेचिलो सवाल बन्दै आएको सङ्घीय राजधानी काठमाण्डु उपत्यकाको फोहर व्यवस्थापन वर्ष बित्दै जाँदा थप चुनौती बन्दै गएकाले कामपाले कुहिने फोहरलाई यहीँ नै व्यवस्थापन गर्नका लागि स्थान पहिचानको काम भने गरिरहेको जनाएको छ।

हरेक दिन उपत्यकाबाट एक हजार २०० मेट्रिकटन फोहर उत्पादन हुने गरेको छ। त्यसमध्ये सबैभन्दा बढी कामपाको ५०० मेट्रिकटन रहेको छ। रासस

HELVETAS NEPAL

# VACANCY ANNOUNCEMENT

## Reintegration of Returnee Migrant Workers (ReMi) Phase I

Reintegration of Returnee Migrant Workers (ReMi) Project is a bilateral initiative of Governments of Nepal and Switzerland. The project contributes to the social and economic reintegration of returnee migrant workers in Nepal. The Project is implemented by Ministry of Labor, Employment and Social Security; provincial line ministries and local governments in Province one and Madhesh Province. Helvetas Nepal invites applications from committed and experienced Nepali citizens for the following position:

**Position: Program Officer - Social Reintegration (1)**

**Job Purpose:** This position will support Social and Economic Reintegration Specialists to contribute to overall accomplishment of project objectives and targets, with a specific focus on social reintegration. S/he will support local governments to implement the project in close collaboration with Employment Service Centres and support them to develop and implement reintegration strategies/guidelines, yearly plans of operation, and allocate funds in a coordinated manner. The incumbent will also support project monitoring, evaluation, documentation and reporting, lead in mobilization and capacity building of network/cooperatives to provide sustained reintegration services to returned migrant workers, their families and their respective communities.

**Required Education, Experience and Social Competence:** Bachelor's degree in Social Work, Development Studies, or in any relevent discipline. Minimum 3 Years of working experince in implementation of social protection, gender equality and social inclusion (GESI) or safer migration. Experience working with local governments, on gender-based violence, mental health & psychosocial support or case management will be an added value. Commitment towards gender equality, social inclusion, and poverty reduction.

**Duty Station:** ReMi Provincial/Field Office, Madhesh Province

**Duration:** 3 Years with possibility of extension

**Salary and Benefits:** As per rules and regulation of Helvetas Nepal.

**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit our website at http://apply.helvetas.org.np and submit application through online portal. Detail job description is availble on the website.

Telephone enquiries will not be entertained. Only short-listed candidates will be contacted for the selection process. Helvetas Nepal reserve the right to reject any or all applications without assigning any reasons.

Helvetas Nepal promotes Workforce diversity and applies positive discrimination to candidates from discriminated groups (Woman, Dalit, Janajati, Madhesi/ Terai, and other minority communities).

**Deadiline for submission of application:** 11 September 2022



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### अवसरवादीलाई पहिचान गर्नु जरुरी छ

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा भाग लिन अहिले तछारमछारको अवस्था छ। टिकट पाउने आशमा अहिले नेताहरु एक पार्टीलाई छोडेर अर्कोमा जाने क्रम बढेको छ। टिकट नपाउने सम्भावना देखेपछि उनीहरु पार्टी परित्याग गर्न समय लगाउँदैनन्। उनीहरुमा देखिएको अवसरवादले उनीहरुले भविष्यमा मुलुकको समृद्धिको लागि के काम गर्न सक्छन सहजै वुझ्न सकिन्छ। उनीहरु अहिलेनै आफ्नो चरित्र देखाई रहेका छन् भने पछि के गर्न सक्छन त्यसको मुल्यांकन हुनु जरुरी छ। पार्टीहरुले पनि आफ्ना पुराना नेताहरुको मूल्यांकन गर्नु जरुरी छ तर, सवै थोक छोडेर उनीहरु अन्य पार्टीमा गएर भएपनि आफ्नो स्वार्थ सिद्ध गर्न लागेका छन्। पार्टीहरुले पनि अन्य दलवाट नेता ल्याएर उम्मेदवार बनाउनु भन्दा राम्रो आफ्नै पार्टीमा आवद्ध नेता कार्यकर्ताहरुलाई स्थान दिनु पर्छ। तर, अवसरवादीहरु आज यो भोलि त्यो गर्नाले मधेश प्रदेशमा व्यापक असन्तुष्टि देखिएको छ। यस्ता प्रकारका क्रियाकलापले ग्रासरुटमा कामगर्ने नेता कार्यकर्ताहरुको मनोबल कमजोर हुने भएकाले पार्टीहरुले पनि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको सिद्धान्तलाई अवलम्बन गर्न जरुरी छ। जुन व्यक्तिमा सैद्धान्तिक विचारधारा छैन् त्यसले समाज र देशकोलागि के गर्न सक्छन सहजै अनुमान लगाउन सकिन्छ। आफ्नो विचारधारामा टिक्न नसक्ने जनताको लागि के प्रतिवद्ध हुन्छ ? पार्टीहरुले जुन प्रकारले लोकतान्त्रिक पद्धति अनुसार काम गर्नुपर्ने थियो त्यो नगरी दिनहु पार्टी प्रवेश र अन्य पार्टीका नेताहरुलाई तोडमोडमै लागेका छन्। पार्टीमा देखिएको वैचारिक द्वन्द्वले उत्पन्न गरेको विचलनले पनि त्यस्ता अवसरवादीहरु स्थान पाउने गरेका छन्। तर, त्यसवाट समाजले भने पाउने केही छैन्। समाज मात्र प्रतिवद्ध राजनीतिक दल र त्यसमा आवद्ध राजनीतिककर्मीहरुवाट मात्रै पाउन सकिन्छ। यस्ता प्रवृतिले प्रणालीलाई नै कमजोर बनाई प्रणालीको भविष्य माथि नै प्रश्न चिन्ह लगाएको छ।अतः यस्ता प्रवृत्ति प्रति सजग भइ अवसरवादलाई प्रश्रय नदिनु नै प्रणालीका लागि सार्थकता सिद्ध गर्न सक्छ।

# सबैभन्दा पुरानो पाठशाला



रोशन जनकपुरी

नेपालको पुरानो हाट बजार मध्ये एक मटिहानी बजार पनि हो। भारतीय सीमासंग जोडिएको यो बजार हाल तिव्र गतिमा विकासको प्रक्रियामा छ। पञ्चायत कालमा देशलाई ७५ वटा जिल्लामा विभाजित गरिनु भन्दा पहिले धनुषा जिल्ला पनि महोत्तरी अन्तर्गत नै पर्थ्यो। त्यस्को सदरमुकाम जलेश्वर थियो। तर जलेश्वरले राजनीतिक महत्व प्राप्त गर्नु भन्दा पहिले महोत्तरीमा मटिहानीको महत्व बढी थियो। विशेष गरेर राणा कालमा। यस्को कारण देश भरीका मन्दिरहरुको 'महन्थहरुको महन्थ' मटिहानीको लक्ष्मी नारायण मन्दिरका महन्थ हुने गर्थ्ये। उनलाई 'मानमहन्थ'भनिन्थ्यो। राणाकालमा र पञ्चायतकाल सम्म पनि, महन्थहरु धार्मिक अधिकारी मात्र हुँदैनथ्ये। उनिहरु राज्य सत्ताको तर्फबाट जोताहा र भोग चलन गर्नेहरु संग जग्गा कर (पोत) असुल्ने राज्य प्रतिनिधि पनि हुने गर्थ्ये। राजा-महाराजाहरुले मन्दिर र महन्थहरुलाई जग्गा दानमा दिने गर्थ्ये। त्यसैले महन्थहरु जमिन्दार बराबर कै हैसियत राख्ने गर्थ्ये। मटिहानी स्थान त झन् मानमहन्थको पद ओगटेको मन्दिर। त्यतिबेला त यस्को रुतबा नै ठूलो थियो। राणाकालमा जनकपुर, जलेश्वर र महोत्तरी (धनुषा समेत)का साधु समाजमा आएको समस्या हल गर्न जनकपुरको जानकी मन्दिर र रत्नसागर कुटी तथा मटिहानी महन्थ सर्वसम्मत निर्णायकहरु थिए। यसमध्ये मटिहानीको स्थान सबैभन्दा उच्च थियो। तात्पर्य के थियो भने विगतमा मटिहानी यस भेगमा राजनैतिक र धार्मिक प्रशासनको दृष्टिले प्रायः सबै भन्दा महत्वको ठाउँ थियो। जसरी धनुषा जिल्लाको गठन तथा धार्मिक र राजनैतिक प्रशासन दुबै दृष्टिले जनकपुरको महत्व बढदै गएपछि जलेश्वर ओझेलमा पर्दै गयो, त्यसरी नै जलेश्वरको उदय भएपछि मटिहानीको महत्व घट्दै गएको हो। यद्यपि सीमा क्षेत्रको बजार भएकोले यसको सामान्य आर्थिक महत्वभने सँधै रह्यो।

मटिहानीले राणाकालमा यो सम्मान पाउनुको पछाडी यहाँको शैक्षिक महत्व हुनु हो। नेपालमा सबैभन्दा पुरानो विद्यालयवि.स. १९१०मा स्थापित काठमाँडौको दरबार हाईस्कूल र यसपछि वि.स. १९३२ मा बालगुरु षडानन्दले भोजपुरको दिङ्लामा स्थापना गरेको संस्कृत पाठशाला हो भन्ने सामान्यबुझाई छ। तर मटिहानीको लक्ष्मीनारायण मन्दिर र यहाँ सञ्चालित संस्कृत विद्यालय सहितका स्रोतहरुले देशको सबैभन्दा पुरानो विद्यालय मटिहानीको संस्कृत माध्यमिक विद्यालय रहेको देखिन्छ। मटिहानीमा संस्कृत विद्यालयको बोर्डमा यस विद्यालयको स्थापना काल १७७५ लेखिएको छ।

यस्को स्थापना काल १७७५ बारे अझै प्रमाण जुटाउन बाँकी नै छ। त्यस विद्यालयका प्रधानाध्यापक लगायतका मानिसहरुले तथ्य परक तर्क राखेपनि प्रमाण प्रस्तुतगर्न सकेका छैनन्। तर नेपाल संस्कृत विश्वविद्यालयको आधिकारिक वेभसाइटले मटिहानीको संस्कृत विद्यालयबारे विश्वसनीय ढङ्गबाट जानकारी राखेको छ : 'वि.स १८०१ मा मकवानपुरका राजा हेमकर्ण सेनले लक्ष्मी नारायण मठको स्थापना गरेपछि शिक्षा प्रेमी साधु तस्मैया बाबाले पिपलको रुखमुनीबाट संस्कृत पठनपाठन थालेको ठाउँमा वि.स. १९५० देखी व्याकरण, वेदान्त, रामायणको पठन पाठन हुन थाल्यो। त्यसपछि १९६८ सालदेखी नै लक्ष्मी नारायण मठका महन्त बनारसी दास र छात्रनाथको सक्रियतामा वेद, व्याकरण, न्याय र ज्योतिष विषयको पठनपाठन हुनथाल्यो।'हाल मटिहानीमा सञ्चालित लक्ष्मीनारायण विद्यापीठ नेपाल संस्कृत विश्वविद्यालयको आङ्गिक विद्यापीठ हो।

राजधानीबाट प्रकाशित नागरिक दैनिक पत्रिकाको २०७८ श्रावणको अंकमा डा. गणेशराज रेग्मीको लेखमा तस्मैया बाबा (रामलाल दास)ले वि.स. १७५१ मा आफ्नै पहलमा सानो पाठशाला शुरु गरेको र वि.स. १८०१ मा लक्ष्मी नारायण महाविद्यालयको स्थापना भएको भनिएको छ। मटिहानीको संस्कृत विद्यालय बारे यी कथनहरु तथ्य परक र विश्वसनीय लागे पनि यस सम्बन्धी कुनै भौतिक प्रमाण अहिले सम्म उपलब्ध छैन।

एक जना विदेशी अनुसन्धाता रिचर्ड बर्घार्टले ' हिस्ट्र अफ जनकपुरमा मटिहानी मठ (स्थान) को महन्थहरुको वंशावली प्रस्तुत गरेका छन्। तस्मैया बाबालाई उनले राम तस्मैया भनेर सम्बोधन गरेका छन्। उनका अनुसार तस्मैया बाबाका चारवटा शिष्यहरुले तत्कालीन समयमाचार वटा मठको महन्थ पद सम्हालेका थिए – राम दास- बराही, ध्रुव दास- बिररख, गोसाँईं दास-सिमरदही र जयकृष्ण दास-मटिहानी। ऐतिहासिक स्रोतहरुको रुपमा जयकृष्ण दासलाई मटिहानी मठ तथा जनकपुरको लक्ष्मण मन्दिरको महन्थको पद दिइएको अभिलेख उपलब्ध छ। मटिहानी स्थानबाट उपलब्ध सबैभन्दा पुरानो अभिलेखको रुपमा मकवानपुरका सेनवंशी राजाहरुले दानमा दिएको कुशे विर्ताको अधिकारवि.सं १८६३ मागिर्वाण युद्ध विक्रम शाहले थामी दिएको तत्कालीन महन्थ बनवाली दासको नाममा लेखी दिएको शाही आदेश पत्र हो। बनवाली दास मटिहानी स्थानका तेस्रा महन्थ हुन्। गिर्वाण युद्धको शाही आदेश पत्रमा उल्लेख गरिए अनुसार वि.स. १८१०मा मकवानी राजा हेमकर्ण सेनले जयकृष्ण दासको नाममा कुशेविर्ता गरि दिएका थिए। त्यसै वर्ष अर्थात् वि.स. १८१० मा नै राजा हेमकर्णले जयकृष्ण दासलाई कुशे विर्ताको रुपमा रजौर मौजा -हालको जनकपुरधाम उपमहानगरपालिका भित्रको रजौल)को अधिकार सुम्पेको पनि देखिन्छ। अभिलेखहरुले त्यति बेला मटिहानी मठको प्रसिद्धि र प्रभाव नेपाल र भारत दुबैतिर रहेको देखिन्छ। उदाहरणको रुपमा वि.स. १८४८ (सन् १७९१)मा दरभङ्गा राजका राजाले मुजफ्फरपुर जिल्लाको चरौत स्थानको तत्कालीन महन्थ नारायण दासलाई चारवटा मौजादा नदिएको पत्रमा मटिहानी स्थानका महन्थ जयकृष्ण दासको नाम उल्लेख गरिएको छ। यस पत्रबाट चरौत स्थान पनि पहिले मटिहानी स्थानकै संरक्षणमा रहने गरेको तथा मटिहानी महन्थ त्यताको पनिकुतअसूल गर्ने अधिकारी रहेको बुझिन्छ। यस सम्बन्धमा बर्घार्टको पुस्तकको अध्ययन उपयोगी हुन सक्छ।

मकवानपुरका राजा हेमकर्ण सेनले वि.स. १८१० मा यस भेगका कयौं महन्थहरुलाई कुशे विर्ता दान दिएका अभिलेखहरु पाइन्छन्।यस्मा बसहिया कुटी, कुआ कुटी समेत छन्। यसबाट के देखिन्छ भने नेपाल संस्कृत विश्वविद्यालय संग कुनै प्रमाण छ भने बेग्लै कुरा भयो, होइन भने उसको वक्तव्यमा भनिएझै लक्ष्मीनारायण मठलाई हेमकर्ण सेनले दान दिएको समय वि.स. १८०१को साटो वि.स. १८१० बढी विश्वनीय देखिन्छ।


मटिहानी क्षेत्रमा तस्मैयाबाबा एउटा सिद्ध पुरुषको रुपमा लोकप्रिय र प्रसिद्ध मिथ पात्र छन्। तर उनको ठ्याक्कै समय बारे कुनै विश्वनीय अभिलेख हालसम्म उपलब्ध छैन। जयकृष्ण दास तस्मैया बाबाका शिष्य थिए, त्यसैले उनि अठारौं शताब्दीको उत्तरार्द्धमा थिए भन्नेमा कुनै शंका छैन। यसै गरि मटिहानी स्थानमा संस्कृतको पाठशाला कहिले शुरु भयो ठ्याक्कै (पिनप्वाइन्ट) भन्न सकिने स्थिति छैन। अघि चर्चा गरिए झै यो जयकृष्ण दासको समयमा भएको हो भने अठारौं शताब्दीको उत्तरार्द्ध वाउन्नाइसौं शताब्दीको प्रारम्भ (वि.स. १८१०)तनिश्चय नै स्थापित हुन्छ। यस दृष्टिले ऐतिहासिक स्रोत तथा मटिहानी स्थान तथा संस्कृत पाठशाला बारे भनिँदै आएका भनाईहरुमा तालमेल बसाल्दा नेपालको सबैभन्दा पुरानो पाठशाला मटिहानी नै भन्ने तथ्य सत्यको नजिक देखिन्छ। यद्यपि यसबारे पुराना अभिलेखहरु खोतल्नु पर्ने आवश्यकता छँदैछ।

शिक्षा विभागको अभिलेखमा भने मटिहानीमा संस्कृत पाठशालाको शुरुआत वि.स. १८६८ भनिएको छ। यस हिसाबले पनि मटिहानीको संस्कृत पाठशाला देशको सबैभन्दा पुरानो पाठशाला रहेको सिद्ध हुन्छ र दरबार हाईस्कूल र दिङ्लाको संस्कृत विद्यालय यस भन्दा पछि पर्छ। यहाँ एउटा उल्लेखनिय विषयभनेको त्यहाँको राजकीय संस्कृत विश्व विद्यालयको बोर्डमा स्थापना काल लेखिएको वि.स. १७७५हो। यो तथ्य प्रमाणित भयो भने नेपाली ईतिहासमा कयौं तथ्यहरुलाई सुधार्नु पर्ने हुन्छ। वि.स. १७७४मा मानिक सेन आफ्नी भाउजू राजेश्वरीको नायबीबाट मुक्त भएर स्वतन्त्र रुपमा मकवानपुरका राजा भएका थिए। १७९० मा राजामानिस सेनको मृत्यु भयो र उनका छोरा हेम कर्ण सेन राजाको पदमा आसी नभए। आफ्नो मृत्युको ६ वर्ष पहिले वि.सं १७८४मा मानिक सेनले नै जानकी मन्दिरका संस्थापक सुरकिशोर दासका प्रशिष्य रामदासलाई पहिलो महन्थ घोषित गरेकाथिए।

मटिहानी स्थानको शैक्षिक प्रसिद्धि नेपाल र भारत दुबै तिर टाढा टाढा सम्म फैलिएको तथा यसबाट उत्पादित संस्कृत आचार्यहरु नेपाल र भारतका कयौं विद्यालयमा विगतमा र हाल पनि अध्यापन गरि रहेको बाट बुझिन्छ। केही अपुष्ट मतका अनुसार त भोजपुर दिङ्लामा संस्कृत पाठशालाका संस्थापक बाल गुरु षडा नन्दले पनि मठिहानी पाठशालामा केही समय अध्ययन गरेका थिए। विविध ऐतिहासिक स्रोत तथा शिक्षा विभागको आधिकारिक दस्तावेजहरुमा उल्लेख भएपनि मटिहानीको संस्कृत पाठशालाको प्राचीन ता बारे अहिले पनि अन्यौलता सृजना गर्ने प्रयास गरिन्छ। त्यसैले यस बारे ऐतिहासिक तथ्यहरुको खोजीको निम्ती सरोकारबाला क्षेत्रबाट विशिष्ट पहल आवश्यक देखिन्छ। यस बारे तत्कालीन समयका नेपाल र भारतका पुराना दस्तावेजको खोजी र अध्ययन आवश्यक छ।

# असल समाजको सपना देख्ने प्रदीप गिरि

देशकाल



किशोर नेपाल

काठमाण्डु। मृत्युको अपेक्षा कसैले गर्दैन। त्यो जहिले पनि अनपेक्षित हुन्छ। हामी कसैले पनि प्रदीप गिरि यति छिटै दिवङ्गत हुनुहोला भनेर सोचेका थिएनौं। उहाँ उपचारका लागि भारतको मुम्बइमा हुनुहुन्थ्यो। हामी उहाँ छिटै निको भएर फर्किनु हुनेछ भन्ने अभिलाषामा बाँचेका थियौं। उहाँको निधन असामयिक थिएन। उहाँ उमेरको माथिल्लो हदमा हुनुहुन्थ्यो। यति हो कि, हाम्रो सोचाइमा उहाँको महाप्रस्थानको समय भएको थिएन। काललाई कसैले छल्न सक्दैन। प्रदीप गिरिले पनि त्यसलाई छल्न सक्नु भएन।

अहिलेको जटिल राजनीतिक परिस्थितिमा प्रदीप गिरिको अनुपस्थिति सबैलाई खट्किएको छ। यो अस्वाभाविक होइन। आजको राजनीतिक परिदृश्यमा प्रदीप गिरि सर्वपक्षीय व्यक्तित्व हुनुहुन्थ्यो। उहाँ कांग्रेस पार्टीको टिकटमा चुनिएका सांसद भए पनि राजनीतिमा उहाँको सर्वमान्यता स्थापित भएको थियो। सबै दलका सदस्यहरु उहाँका कुरा सुन्दथे। उहाँका तर्कहरुको मनन् गर्दथे। उहाँका विचारहरुको कार्यान्वयन गर्न नसके पनि त्यसमा सहमति जनाउँथे। उहाँमा रहेको व्यापक ज्ञान, सिद्धान्तप्रतिको अविचलित निष्ठा, समाजवादी समाज निर्माणप्रतिको प्रतिबद्धता, निर्भिक र स्पष्टवादी स्वभावका कारण राजनीतिमा लाग्ने मानिसमा उहाँको ठूलो आकर्षण थियो। प्रतिनिधिसभा पटलमा अभिव्यक्त उहाँका विचारहरु सर्वदलीय आकर्षणका विषय हुन्थे। प्रदीप गिरिका विचार ओजस्वी त हुन्थे नै, सामाजिक हिसाबले पनि सन्तुलित हुन्थे। आफना विचारले समाजका सबै वर्ग र पक्षका मानिसलाई वशिभूत गर्नु सामान्य कुरा थिएन।

देशका प्रतिष्ठित वरिष्ठ चिकित्सक मधु घिमिरे भन्छन्, "मैले धेरै राजनीतिज्ञलाई जाँच गर्ने र हेर्ने मौका पाएको छु। प्रदीप गिरिको पकड नीतिमाथि रहेको छ। नीतिको कुरामा उनी गहिराइमा पुगेका छन्। उनी आजका भ्रष्ट चरित्रको राजनीतिबाट अलग छन्। उनले पदको मोह अँगालेका छैनन्। पदको होडबाजीले राजनीतिलाई दूषित पार्दछ। पदको मोह त्याग नगरेसम्म राजनीति चोखो रहन सक्दैन भन्ने मान्यता राख्दथे प्रदीप गिरि।" धेरैजसो वुद्धिजीवीहरु प्रदीप गिरिलाई बीपीपछिको सबैभन्दा प्रभावशाली मार्गदर्शकका रुपमा लिन्छन्। आजको राजनीतिको मुख्य समस्या भनेको यसमा नैतिक तत्वको अतिशय अभाव हो। अधिकारको दुरुपयोग तीब्र गतिमा आकासिएको छ। आदर्शका प्रारुप खजमजिएका छन्। परस्परमा अहङ्कारको लडाइँ चलिरहेको छ। राजनीतिमा लागेका मानिसले विनयशीलता गुमाउँदै गएका छन्। राजनीतिज्ञहरु असल कुराका पक्षमा आफूलाई उभ्याउन चाहँदैनन्। व्यक्तिगत स्वार्थको पोषणका लागि जस्तोसुकै गलत सम्झौता गर्न पनि पछि पर्दैनन्।

राजनीतिक दलका सदस्य र नेताहरु प्रदीप गिरिजस्ता मानिसको महिमा गाउन चुक्दैनन्। तर, उनीहरुले देखाएको बाटोमा हिंडन चाहदैनन्। किनभने सत्यको बाटो कठोर हुन्छ। सत्यको बाटो हिंडन चाहने मानिसले धैरै दुर्गम अवस्था भोग्नुपर्ने हुन्छ। उसका परिवारले दुःख पाउँछन्। सामाजिक उत्थानका लागि दुःख पाउने व्यक्तिको प्रशंसा होइन, जग हँसाइ हुन्छ।

यो पंक्तिकार प्रदीप गिरिको सङ्गतमा आउँदा भर्खर १४ वर्षमा पाइला टेकेको थियो। त्यसपछिको यो लामो समयमा मैले प्रदीप गिरिको विचार र व्यक्तित्व समान पाएको छु। हो, उहाँका विचारहरु प्रखर भएका छन्। व्यक्तित्वमा निखार आएको छ र आवाजमा आधिकारिकता थपिएको छ। तर, उहाँको स्वप्नजीवी स्वभावमा कहिल्यै परिवर्तन आएन। उहाँले जस्तोसुकै खराव समयमा पनि असल समाजको सपना देख्नुभयो। परिवर्तनको अवश्यम्भावितामा उहाँको गहिरो विश्वास थियो। युवा शक्तिमा जागरण ल्याउन उहाँले थुप्रै काम गर्नु भएको छ। उहाँका योगदानका परिणामहरु छिटै देख्न पाइने आशा गरौं।

प्रदीप गिरि बीपी कोइरालासँग त निकट हुनुहुन्थ्यो नै। उहाँको सम्बन्ध शहीद सरोजप्रसाद कोइरालासँग पनि प्रगाढ थियो। निर्दलीय पञ्चायत व्यवस्थाका गुण्डाहरु भारत भूमिमा पसेर कोइरालाको हत्या गरे। त्यो घटनाले प्रदीप गिरिलाई अत्यन्त बिह्वल बनायो। त्यतिखेर उहाँ बनारसमा अध्ययन गर्दै हुनुहुन्थ्यो। त्यो घटनापछि उहाँको जीवनमा नयाँ मोड आयो। तैपनि, उहाँले आफनो अध्ययन प्रक्रियालाई निरन्तरता दिनुभयो। जनमत सङ्ग्रहपछि नेपाल आउनु भएका प्रदीप गिरिले राजनीतिलाई नौलो दिशा दिनुभयो। बीपीको देहावसानपछिको अवस्थामा प्रदीपले नै वौद्धिक वहसको परम्परालाई निरन्तरता दिनुभयो।

प्रदीप गिरि अब हाम्रा बीच हुनुहुन्न। उहाँ समानको कुनै अर्को पथ-प्रदर्शक पनि नभमा देखिएको छैन। समाजमा प्रतिदिन विकार फैलिएको छ। उहाँले राजनीतिमा धकेलेर अघि बढाएका थुप्रै व्यक्तित्वहरु नभएका होइनन्। तीमध्ये धेरै ओझेलमा परेका छन्। प्रदीप गिरिले बोक्नु भएको लोकतान्त्रिक समाजवादको मसाल कसैले न कसैले, ढिलो-चाँडो बोक्न त बोकी हाल्नेछन् तर समय घर्किदैछ। परिवर्तनका लागि अरु कति पुस्ता पर्खिनु पर्ने हो ? प्रश्न गम्भीर छ।

# चिकित्सा शिक्षाको ईतिहास र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान



जेके लाल

हिन्दु धर्म अनुसार देव धनवन्तरीलाई आयुर्वेदिक चिकित्साका अधिष्ठ तथा चिकित्सक मानिन्छ। यसको मतलव त्यस युगमा पनि रोगहरु विद्यमान थियो। आधुनिक चिकित्साको ईतिहास केलाउँदा शुरुवात कहिले देखि भएको हो सत्य तथ्य थाहा नभएपनि ग्रीस भाषामा कुनै पनि रोग किन र के कति कारणले उत्पन्न भएको हो पत्ता लगाउनु नै चिकित्सा शिक्षा हो।

पाँचौ शताब्दीमा ग्रीसकै महान फिजिसियन हिपोक्रेट्स, क्रिस्चियन धर्मको योगदान रोगीहरु जम्मा गरेर छलफल गर्नु, प्रशिक्षित गर्नु तथा उपचार गर्नु, पछि आएर एउटै ठाउँमा राखेर उच्च स्तरको उपचार गर्न चिकित्सा शिक्षाको लागी स्कूल खोल्न लगभग नवौं दशौं शताब्दीमा आवश्यक्ता महशुस गरी शुरुवात भएको हाल सम्मको अध्ययन अनुसन्धानले देखाउँछ। नेपालको सन्दर्भमा हेर्ने हो भने गुरु, पुरोहित, धामी झाक्रिले उपचार गर्ने गरेको हामी पाउँछौ र वीर अस्पतालको स्थापना पछि मात्र हामी कहाँ आधुनिक चिकित्सा पद्धतिबाट उपचार गरको तथ्यले देखाउँछ।

सन्दर्भ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

मधेश सुगम ठाउँ भए पनि यहाँ वस्ने वासिन्दाका लागी राज्यको अनुत्तरदायी तथा उपेक्षित नितिका कारण स्वास्थ्य उपचारको अवस्था दयनिय अवस्थामा थियो तर मधेश आन्दोलन वलमा स्थापित भएको सघीयता र २०७४ को आम निर्वाचन पश्चात मधेश पदेश बनेको हो।

प्रदेश सरकारको गौरव योजनाको रुपमा रहेको र समग्र पदेशको जनताको स्वस्थ्य सेवाको स्तर वृद्धि गर्न मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको जन्म २०७७ कार्तिकमा भएको हो। शिशुको रुपमा रहेको प्रतिष्ठान जन्म देखिनै नेतृत्यको अदुरदर्शी, अपरिपक्व निर्णयका कारण शिक्षाध्यक्ष र रष्ट्रिारको नियुक्ति प्रतिष्ठानको ऐन अनुसार नरहेको भनी अदालत द्वारा वदर गरीएको र वहाँहरुलाईनै पुनः नियूक्ति गरिएको थियो। हालै उपकुलपतिको सिफारिसमा सःकुलपति द्वारा आपुर्तिको निर्देशकको जिम्मेवारीमा रहनु भएका डा. प्रमोद कुमार यादवलाई प्रदेशिक अस्पतालमा निर्देशकको रुपमा पठाएको छ। आशा गरौं वहाँको नेतृत्वमा अस्पतालमा साधारण जनताले स्तरिय तथा सुलभ तरीकाले स्वास्थ्य सेवा पाउने छन्।

ऐनको दफा ४ (१) अनुसार प्रतिष्ठान एउटा अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्था रहेको तथा प्रतिष्ठानको ऐनको परिच्छेदको ७ को दफा २५ को उपदफा २ मा ँ यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेको प्रादेशिक अस्पताल जनकपुरधाम उपदफा (१) बमोजिम शिक्षण अस्पतालको रुपमा स्थापना भएको मानिनेछ।

त्यस्तै उपदफा ३ मा ँप्रादेशिक अस्पताल जनकपुरधामको नाउँमा रहेको चल अचल सम्पत्तिको स्वामित्व स्वतः प्रतिष्ठानमा हस्तान्तरण भएको मानिनेछ। ऐन नियम अनुसार स्वायत्त किसिमले चल्न दिनु हामी सवै सरोकारवाला पक्षका कर्तव्य हो।यसमा अनावश्यक हस्तक्षेप गर्नु हुँदैन।

मधेश सरकारको गौरवको योजनाको रुपमा रहेको प्रतिष्ठान केहि समय यता नेतृत्वको अनावश्यक हस्तक्षेप तथा केन्द्र अन्तरगतका कर्मचारीहरुको स्वार्थपूर्ण चलखेलका कारण अस्पताल क्रिडास्थलको रुपमा परिणत हुने निश्चित छ र जसको फलस्वरुप त्यहाँ कार्यरत काम गर्ने कर्मचारीहरुको मनोबल खस्किन्छ र सेवा लिन आएका विरामीहरु पनि गुणस्तरिय स्वास्थ्य सेवा र उपचारबाट बञ्चित हुनुपर्ने छ।

**प्रतिष्ठानको सवल पक्ष**

- प्रतिष्ठानले आफनो स्वरुप ग्रहण गरेपछि छौ महिना भित्र ब्याचलर लेभलका जस्तै वि.एन, विएससी. नर्सिङ्ग, वि.पि.एच र वि.एससी. एम. एल. टि को अध्ययन अध्यापन शुरु भएको।
- जानकी मन्दिर गुठी अन्तरगत रहेको २० बिघा जग्गाको औपचारीक प्रकृया द्वारा लिजमा प्राप्त गरेको।
- मणिपालमा विशिष्टिकृत अस्पताल सफलतापूर्वक संचालन गरेको।
- विषयगत रुपमा देशका विभिन्न स्थानबाट सम्वन्धित विषयका विद्धानहरुलाई जनकपुरधाममा आमन्त्रण कार्यशाला गोष्ठी सञ्चालन गरी चारवटै विषयका आफनै पाठ्यक्रम बनाउन सफल भएको।
- प्रतिष्ठानले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भ्मगअबतष्यल भ्हअजबलनभ एचयनचक्रभ राख्न सफल रहेको।
- प्रतिष्ठानले क्लिनिकल तर्फका विभिन्न विषयहरुमा स्नातकोत्तर अध्ययन अध्यापन गराउने उद्येश्यले सम्वन्धित ठाउँमा प्रस्ताव पेश भईसकेको।
- कक्षाकोठा, पुस्तकालय र छात्रावासमा फर्निचरहरुको व्यवस्थापन गरीसकेको।

**सुधार गर्नु पर्ने पक्ष**

- प्रतिष्ठानमा काम गर्न सक्ने जनशक्ति व्यवस्थापन गर्नुपर्ने तथा अस्पतालतर्फ पहिला देखि कार्यरत कर्मचारीहरुको पतिष्ठानको ऐन, नियम र योग्यताअनुसार पदस्थापन र जिम्मेवारी यथासक्य छिटो टुग्यानुपर्ने देखिन्छ।
- अन्तरंग विभागमा स्वस्थ्य मन्त्रालयको निर्देशिका अनुसार १:४ को अनुपातमा विरामीहरुको सेवाका लागी अपुग नर्स जनशक्ति तुरुन्त थप्नु पर्ने।
- आई.सि.यू तथा ऐन.आई.सि.यू को लागी पनि १:१ को अनुपातमा नर्स जनशक्ति राख्नु पर्ने।
- ईमरजेन्ससी वार्ड पनि स्तरीय सेवा दिनका लागी वि.एन गरेका नर्स जनशक्तिको जिम्मामा दिनु पर्ने।
- अध्ययन अध्यापन तर्फ स्किल ल्याबहरुमा अपुग समानहरु पनि छिटो परिपुर्ति गर्ने।
- केन्द्र मातहत रहेका जनशक्तिहरु लाई प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत केन्द्रसँग परामर्श गरी चित्तबझ्दो व्यवस्थापन गर्नुपर्ने।
- आ व २०७९/२०८० मा पनि विद्यार्थी भर्ना गर्नका लागी समयमै कक्षाकोठा तयार गर्नुपर्ने।

निश्कर्ष

चुनौति र समस्याहरुको चाँग धेरै छन् तापनि छोटो समयमा कार्यालय स्थापना पश्चात प्रतिष्ठान विभिन्न किसिमका आरोह अवरोह पार गर्दै अध्ययन अध्यापनको सवालमा बाहिरबाट नदेखिनेखालका काम धेरै भएका छन् जुन सराहनीयँ छ। धेरै काम गर्न बाँकि रहेकाले त्यहाँ कार्यरत कर्मचारीहरुले निस्वार्थ भावनाबाट अभिप्रेरित भई सेवा प्रवाह गरेमा मात्र जनजनको विश्वास जित्न सक्नु पर्दछ अनि मात्र प्रतिष्ठानको उद्येश्य प्राप्ति हुन्छ। त्यसैले प्रतिष्ठान आम जनताका लागी तथा आम जनताका लागी प्रतिष्ठान भन्ने भावना सवैमा आउनु आजको आवश्यक्ता हो।

# पार्टीको नीति र विधिविपरीत जानेलाई कारवाही हुन्छ : अध्यक्ष दाहाल



काठमाण्डु ।नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टीको नीति, विधि र सिद्धान्तविपरीत गए निर्वाचनमा अन्तर्घात गर्नेलाई कारबाही गर्ने बताउनुभएको छ ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा आफ्नै पार्टीका उम्मेदवार हराउन र अन्तर्घातमा संलग्नलाई कारबाही गर्ने उहाँको भनाइ छ । अन्तर्घात छानविनका लागि माओवादीले अनुशासन आयोगका अध्यक्ष टङ्क राईको नेतृत्वमा खिमलाल देवकोटा र मुक्ति प्रधान सदस्य रहेको छानविन समिति गठन गरेको थियो ।

सो छानविन समितिको प्रतिवेदन पार्टी केन्द्रीय कार्यालयमा सोमबार बुझ्दै उहाँले पार्टीभित्रको अनुशासन तोड्ने कार्य आफैँमा गम्भीर रहेको भन्दै त्यस्ता पात्र र प्रवृत्तिलाई कारवाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाउनुभएको हो ।

उहाँले दोषीलाई कारवाही नगरे माओवादी कम्युनिस्ट पार्टी जस्तो पनि नरहने बताउनुभयो । "अनुशासन तोड्नेलाई कारवाही नगर्ने हो भने कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टी जस्तो रहँदैन", उहाँले भन्नुभयो । उहाँले निर्वाचनमा भएको अनियमितता र गडबडी सच्याउनेभन्दा पनि पार्टीलाई विधि र अनुशासनमा चलाउने विषयसँग सम्बन्धित रहेको उल्लेख गर्नुभयो ।

छानविन समितिले गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा विशेष गरी मधेस प्रदेशमा विभिन्न जिल्लामा अन्तर्घात भएको तथा अन्य प्रदेशका केही जिल्लामासमेत समस्या रहेको भन्दै जिम्मेवारीअनुसार कारवाहीको सिफारिस गरिएको छ ।

समितिले देशभरका पाँच सयभन्दा बढी नेता तथा कार्यकर्तासँग बयान लिएको थियो । गत स्थानीय तहको निर्वाचनमा दुई सय स्थानीय तहमा निर्वाचन जित्ने प्रक्षेपण गरेको माओवादीले अन्तर्घातका कारण अपेक्षित परिणाम आउन नसकेको भन्दै छानविन समिति गठन गरेको थियो ।रासस

# न्यायालयमा सुधारको प्रयास भइरहेको छ : कामु प्रधानन्यायाधीश

काठमाण्डु । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले न्यायालयमा सुधारको प्रयास भइरहेको बताउनुभएको छ ।

विशेष अदालतको नवनिर्मित भवनको उद्घाटन गर्दै सोमबार उहाँले अदालतमा ढिलासुस्ती, भ्रष्टाचार, अनियमितता भएको बाहिर सुनिँदै आए पनि विकृति र विसङ्गतिलाई हटाउँदै सुधारका प्रयास भइरहेको बताउनुभएको हो ।

"न्यायपालिकामा निरन्तर सुधारको प्रयास भइरहेको छ", कामु प्रन्यायाधीश कार्कीले भन्नुभयो, "सर्वोच्च अदालतमा मुद्दाको फछर्यौट आठ प्रतिशत थियो, अहिले असार मसान्तसम्म मुद्दा फछर्यौटको सङ्ख्या बढेर १९.२ प्रतिशत भएको छ ।" सर्वोच्च अदालतमा पुराना मुद्दाको फछर्यौट गर्ने उद्देश्यले अहिले शुक्रबार पनि पूरा समय काम गर्नसमेत प्रारम्भ गरिएको छ ।



न्यायालयमा भएका विकृति विसङ्गतिलाई न्यूनीकरण गर्नका लागि सर्वोच्च अदालतमा न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गरिरहेको र न्यायपालिका तथा बारबीच सुमधुर सम्बन्ध गरेर अघि बढेन उहाँको भनाइ थियो ।

"सर्वोच्च अदालतमा पाँच वर्ष, सात वर्ष र १० वर्षका मुद्दा पनि छन्भन्दा मलाई पनि आत्मग्लानी हुन्छ", कामु प्रधानन्यायाधीश कार्कीले भन्नुभयो, "अब यो अवस्था नरहोस् भनेर निरन्तर मुद्दा फछर्यौट गरेर सुधार गर्ने काम गरिरहेको छौँ, सबै अदालतले सेवाग्राहीलाई खुसी बनाएर पठाउनुस् ।"

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपालिकाले राम्रो कामका लागि सम्मान गर्दै न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयनमा लैजानुपर्ने माग गर्नुभयो । "सर्वोच्च अदालतमा अहिले पनि १० वर्षसम्मका मुद्दा बाँकी छन्", उहाँले भन्नुभयो, "फैसला ढिला हुँदा सेवाग्राही निराश भएका छन् ।"

अध्यक्ष घिमिरेले तीन वर्षभित्र सम्पूर्ण कानुन व्यवसायीलाई करको दायरमा ल्याउने तयारी रहेको जानकारी दिँदै न्यायालयकर्मी, कानुन व्यवसायी, सरकारी वकिल, सरकारी कर्मचारी सच्चिए न्यायालय पूर्णरुपमा सुधार हुने बताउनुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव तोयम रायाले अदालतले अझै छिटो न्याय सम्पादनमा ध्यान दिनुपर्ने र छिटो फैसला भएमात्र न्याय पाउने कुरालाई मनमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

सर्वोच्च अदालतका रजिष्ट्रार निर्मला पौडेलले विशेष अदालतले भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणका मुद्दाको कारबाही किनारा गर्ने अदालतको भवन निर्माण भएकामा खुसी व्यक्त गर्दै आगामी दिनमा छिटोछरितो अनुसन्धान र फैसला कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो ।

सम्पत्ति शुद्धीकरण विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराइले उपभोक्ताको मागलाई ध्यानमा राखेर छिटो न्याय दिनुपर्ने र त्यसका लागि कर्मचारी र न्यायकर्मीको क्षमता विकासमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कामु प्रधानन्यायाधीश कार्कीले नवनिर्मित भवनको उद्घाटन गर्नुभएको थियो । साथै विशेष अदालत स्थापनाको २० वर्ष पुगेका अवसरमा प्रकाशित 'विशेष अदालत स्मारिका, २०७९' समेत उहाँले सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा भवन निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने उक्त अदालतका रजिष्टार अशोककुमार क्षेत्रीलाई सम्मान गरिएको थियो । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेलले उक्त भवन निर्माण सम्झौता भएको एक सय ४५ दिनअघि नै निर्माण सम्पन्न भएको र उक्त भवनले मुद्दाको सम्पादन गर्न अली सहज हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# निर्वाचनमा मौन अवधि घटाउन एमालेको आग्रह

काठमाण्डु । नेकपा (एमाले)ले आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मौन अवधि घटाउन आग्रह गरेको छ ।



निर्वाचन आयोगको प्रस्तावित निर्वाचन आचारसंहिता, २०७९ सम्बन्धमा आफ्ना तर्फबाट ३७ वटा बुँदामा सुझाव दिँदै एमालेले आयोगसमक्ष मौन अवधि घटाएर २४ घन्टा कायम गर्न आग्रह गरेको हो । यसअघि मौन अवधिको समय ४८ घन्टा तोकिएको थियो ।

एमालेले सोमबार आयोगलाई निर्वाचन आचारसंहिताले निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटस्थतालगायत पक्षमा ध्यान दिई निर्वाचन आचारसंहितालाई लागू गर्न सकिने बनाउनुपर्ने सुझाव दिएको छ ।

निर्वाचन आचारसंहिता लागू हुने अवधि निर्वाचन घोषणादेखि मतदान सम्पन्न नभएसम्म गर्नुपर्ने, उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचार प्रसारका लागि पच्चीस जनाभन्दा बढीको जुलुस लान नपाइनेलगायतको व्यवस्था हुने भएकाले सो व्यवस्था हटाउनुपर्ने तथा गलत मनसायले नियतवश निर्वाचनमा बालबालिकाको प्रयोगलाई निषेध गर्नुपर्ने सो पार्टीले सुझाव राखेको छ । एमालेले निजी क्षेत्रमा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई छुट्टै आचारसंहिता लागू नगराई आम मतदातालाई लागू हुने आचारसंहिता लागू गर्नुपर्ने, जुलुस, आमसभा, कोणसभा, बैठक, भेलाको जानकारी स्थानीय प्रशासनलाई गराउनुपर्ने व्यवस्था गर्नुपर्ने र अनुमति भन्ने हटाउनुपर्ने सुझाव दिइएको एमालेका केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टले जानकारी दिनुभयो ।

उहाँका अनुसार आचारसंहितामा मुख्य प्रचारकको सङ्ख्या तोक्नु नहुने तर मुख्य प्रचारक को-को हुने भन्ने जानकारी निर्वाचन आयोगलाई हुनुपर्ने व्यवस्था गर्ने, सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल वा उम्मेदवारको बढी र कुनै राजनीतिक दल वा उम्मेदवारको कम स्थान दिई कार्यक्रम, समाचार, विचार प्रवाह नगरी समानुपातिक र सन्तुलित गर्नुपर्ने, जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकका मुख्य निर्वाचन अधिकृत राख्नुपर्ने, डिजिटल, अनलाइन, छापा, श्रव्यदृश्य सञ्चारमाध्यमको सूक्ष्म अनुगमन गर्न विशेष एकाइ गठन गर्नुपर्ने सुझाव दिइएको छ ।रासस

# अर्थतन्त्रको संवाहक निजी क्षेत्र : मन्त्री बडू

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले मुलुकको अर्थतन्त्रको संवाहक निजी क्षेत्र भएकाले सरकार सहकार्य गर्न तयार रहेको बताउनुभएको छ ।

नेपाल प्लाईउड उत्पादन सङ्घको २३औँ साधारणसभामा सोमबार धुलिखेलमा उहाँले निजी क्षेत्रलाई सरकारले अर्थतन्त्रको चलायमान इन्जिनका रूपमा लिँदै उत्पादन र निर्यातमा सहयोग गर्ने बताउनुभएको हो ।



"अर्थतन्त्रको चलायमान इन्जिननै निजी क्षेत्र हो, आयातित अर्थतन्त्रमा मुलुकको भविष्य छैन, त्यसैले उत्पादन र निर्यातमा सरकार उद्योगीलाई सघाउन तयार छ", मन्त्री बडूले भन्नुभयो । उहाँले निर्यातले वैदेशिक मुद्रा सञ्चिति बढाउने भएकाले नेपालमा निर्यात गर्न सकिने वस्तुको उत्पादन बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकार विभिन्न साना-ठूला उद्योगीसँग छलफल गरेर अघि बढ्न तयार रहेको उहाँको भनाइ थियो।उहाँलेभन्नुभयो,'छलफलपछि सरकारले उद्योग सञ्चालनमा सुधारको घोषणा गरेको छ, राष्ट्रिय उत्पादनलाई प्राथमिकतामा राख्दै नेपाली उत्पादन उपभोग अभिवृद्धि कार्यक्रम महत्वका साथ निर्धारण गरिसकेको छ ।' निजी क्षेत्रसँग सहकार्य गर्ने वर्तमान सरकारको घोषित नीतिअनुसार १० वर्षे अभियान सञ्चालन गर्नुपर्ने उहाँको धारणा थियो ।

मन्त्री बडूले उद्योगीलाई रुग्ण उद्योग सञ्चालन गर्न आह्वान गरिएको बताउनुभयो । 'सरकारले रुग्ण उद्योग चलाउन चाहेको छ, पूर्णरूपमा नचलेका उद्योगको कारण खोज्ने र सामान्यरूपमा चलेकालाई पूर्णक्षमताले चलाउन सरकारले निजी क्षेत्रसँग सहकार्य गर्न खोजेको हो', उहाँले भन्नुभयो ।

सहरी क्षेत्रमा मात्र नभई सात सय ५३ वटै पालिकामा औद्योगिक ग्राम स्थापना हुनुपर्ने उहाँको तर्क थियो । उहाँले भन्नुभयो,"सङ्घीय र प्रदेश सरकार नयाँ उद्योगलाई सहयोग गर्न तयार छ, उद्योगीको प्रस्तावमा ४० प्रतिशत सरकारले बेहोर्छ या रु तीन करोडसम्म सरकारले दिन्छ भन्दै आएका पनि छौँ ।'

स्थानीयस्तरमा रोजगारीको वातावरण बनोस् भन्ने उद्देश्यले सरकारले नयाँ उद्योगमा लगानी गर्न खोजेको मन्त्री बडूले बताउनुभयो। उहाँले प्लाईउड उत्पादनलाई बढाए सरकार सहुलियत दिनसमेत तयार रहेको बताउनुभयो । मन्त्री बडूले ठूला उद्योगलाई जमिनको थ्रेसहोल्ड ११ बिघाबाट बढाइने बताउनुभयो । 'अब ठूला उद्योगमा स्वदेशी र विदेशी लगानी भित्र्याउन थ्रेसहोल्ड परिमाण बढाउँछौँ', उहाँले भन्नुभयो । बजेट वक्तव्यमा ३० वर्षे लिजलाई पनि ५० वर्षे बनाएको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल वन वनपैदावार उद्योग व्यवसायी महासङ्घका महासचिव माधवमणि हुमागाईं, भेनियर सङ्घका अध्यक्ष दीपक पाण्डे, नेपाल प्लाईउड उत्पादन सङ्घका वरिष्ठ उपाध्यक्ष होमप्रसाद घिमिरे, संस्थापक अध्यक्ष देवानन्द सरावगीलगायतले कमसल जातका रुख-विरुवालाई प्राथमिकता दिँदै कच्चा पदार्थ ढुवानीमा तीन तहका सरकारले छुट्टाछुट्टै लिने कर एक स्थानमा मात्रै लिने व्यवस्था मिलाउन सरकारसँग आग्रह गर्नुभएको थियो ।

सो अवसरमा नेपालमा ८० प्लाईउड उद्योग रहेकोमा छ बन्द अवस्थामा रहेको तथा रु दुई हजार करोड लगानी रहेको प्लाईउड उद्योगमा २५ हजारले प्रत्यक्ष रोजगारी पाएको जानकारी दिइएको थियो ।रासस

# अध्यक्ष दाहाल र नेपालबीच छलफल



काठमाण्डु । नेकपा( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच मुलुकको पछिल्लो राजनीतिक अवस्था र समसामयिक विषयमा छलफल भएको छ ।

ललितपुर हात्तीवनमा सोमबार भएको छलफलमा दुई पार्टीबीचका सम्बन्ध एवं सत्तारुढ गठबन्धनलाई थप मजबुत बनाउनेलगायतका विषयमा कुराकानी भएको थियो ।

यस्तै, आगामी मङ्सिर ४ गते हुने सङ्घीय एवं प्रदेशसभाको निर्वाचनका तयारीका बारेमासमेत त्यसअवसरमा छलफल भएको थियो ।

माओवादी अध्यक्ष दाहालका स्वकीय सचिव रमेश मल्लले समसामयिक राजनीतिक विषयमा दुई शीर्ष नेताबीच कुराकानी भएको जानकारी दिनुभयो । आजै प्रधानमन्त्री निवास बालुवाटारमा सत्तारुढ गठबन्धनको बैठक बस्ने तयारी छ ।रासस

# 'हरुवाचरुवासम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९' कार्यान्वयन गर्नुपर्ने माग

काठमाण्डु । 'मुक्त कमैया, कम्लहरी,हलियाहरुवाचरुवासम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९' को कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ ।

राष्ट्रिय दलित नेटवर्क (आरडिएन) नेपालले हरुवाचरुवा पुनःस्थापना तथा कमैया कमलरी तथा हलिया अझै पुनःस्थापना नसकेको भन्दै उनीहरुको पुनःस्थापनाका लागि प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको हो ।

संविधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित अध्ययन समितिले हालै सरकारलाई प्रतिवेदन बुझाएको छ। आरडिएनले कोमबार विज्ञप्ति जारी गरी एक कार्यान्वयन संरचनाको गठन गरी आगामी निर्वाचनपूर्व मुक्त हरुवाचरुवाको तथ्याङ्क सङ्कलन गर्ने काम सम्पन्न गर्नुपर्नेमा जोड दिएको छ ।

"आफ्नो हकहितका लागि जसरी मुक्तिको आन्दोलनमा बन्धनको प्रवाह नगरी सक्रियतापूर्वक त्याग गर्नुभयो त्यसैगरी पुनःस्थापनाको आन्दोलनमा अझ सशक्तरूपमा एक भएर लाग्न मुक्त हरुवाचरुवा, हलिया तथा कमैया र कम्लरी आन्दोलनका अगुवालाई आह्वान गर्दछौं", विज्ञप्तिमा भनिएको छ ।

विसं २०५७ भदौ ६ गते दलित समुदायका बहुआयामिक समस्याको दीर्घकालीन समाधानका लागि 'जातीय छुवाछूत र भेदभावविनाको अर्को नेपाल सम्भव छ, आउनुहोस् निर्माण गरौं' भन्ने मूल नाराकासाथ सो संस्था स्थापना गरिएको थियो ।रासस

# समझदारीपत्रमा हस्ताक्षर



काठमाण्डु । नेपालको सङ्घीय संसद् र ग्लोबल काउन्सिल फर टोलरेन्स एण्ड पिस (जिसिटिपी) बीच विश्व शान्ति र सहिष्णुताबारे सहकार्य गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा आज भएको एक समारोहमा सङ्घीय संसद्का सचिव गोपालनाथ योगी र ग्लोबल काउन्सिल फर टोलरेन्स एण्ड पिसका म्यानेजर डा जोरन इलिइप्सकीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

सन् २०१७ मा शान्ति र सहिष्णुताको मूल्य मान्यता प्रवर्द्धन, भेदभाव, साम्प्रदायिकता, जातीय भेदभावविरुद्ध अभियान सञ्चालन गर्ने उद्देश्यले स्थापित यस संस्थाले छोटो समयमा आफूलाई विश्वव्यापीरूपमा स्थापित गर्न सकेको छ ।

सो अवसरमा सभामुख अग्निप्रसाद सापकोटाले समझदारीले विश्व शान्ति कायम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्दै काउन्सिल फर टोलरेन्स एण्ड पिस संस्थाको उद्देश्य महिला, युवा र अपाङ्गता व्यक्तिको सशक्तीकरण गर्ने भएकाले पनि समझदारी गरिएको प्रष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, भनिरहनुपर्दैन कि अहिलेको विश्वमा शान्ति, सहिष्णुताको महत्व कति छ ? अहिले रुस र युक्रेनको सवाल र अन्य विश्वभरि देखिएका घटनाक्रम हुन्, यसअर्थमा शान्ति स्थापनाको अत्यन्त महत्व छ, आजको यो कार्यक्रममा कतै न कतै विश्व शान्तिमा योगदान पुऱ्याउने छ भन्नेमा विश्वास छ ।' झण्डै ७५ वर्षको राजनीतिक उतारचढावका बीच नेपालले धेरै नयाँ र महत्वपूर्ण काम गरेको उल्लेख गर्दै सभामुख सापकोटाले शान्ति प्रक्रियाका केही बाँकी काम टुङ्गो लगाउने प्रक्रियामा रहेको बताउनुभयो ।

समझदारीले नेपालको संसदीय अभ्यासमा पनि कहीँ न कहीँ सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । यसअघि आज बिहान (जिसिटिपी) को प्रतिनिधिमण्डलले सभामुख सापकोटासँग शिष्टाचार भेट गरेको थियो ।रासस

# नेपाल र बेलायतबीच श्रम समझदारीमा हस्ताक्षर




काठमाण्डु । नेपालबाट बेलायतमा स्वास्थ्य जनशक्ति पठाउनेसम्बन्धी द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सोमबार आयोजित कार्यक्रममा श्रम सचिव एकनारायण अर्याल र नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले सो समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

समझदारीअनुसार नेपालका स्वास्थ्य क्षेत्रका जनशक्तिले बेलायतमा रोजगारीका अवसर प्राप्त गर्नेछन् । रोजगारीका लागि बेलायत जाने श्रमिकले कुनै पनि शुल्क तिर्नुपर्ने छैन । उनीहरुले पाँच वर्षका लागि बेलायतमा काम गर्न पाउनेछन् ।रासस

# भारतमा भारी वर्षा र बाढीबाट पचास जनाको मृत्यु

सिन्ह्वा

नयाँदिल्ली। भारतको उत्तरी र पूर्वी भू-भागमा जारी रहेको वर्षा र बाढीबाट कम्तीमा पनि ५० जनाको ज्यान गएको बताइएको छ।



भारी वर्षाका कारण आइतबार रातिसम्म मृत्यु हुनेको संख्या ५० पुगेको अधिकारीहरुले जनाएका छन्। पहाडी राज्यहरू हिमाचल र उत्तराखण्ड, पूर्वी राज्य उडिसा, झारखण्ड र भारत-नियन्त्रित काश्मीरमा बाढी र पहिरोमा परी उनीहरूको मृत्यु भएको यहाँका उद्धार अधिकारीहरुले जानकारी दिएका छन्। हिमाचल प्रदेशको उत्तरी पहाडी क्षेत्रमा पहिरो गएको छ। त्यसमा परेर ३६ जनाको ज्यान गएको भारतीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको छ। त्यहाँ अरु केही अझै बेपत्ता रहेका छन्।

त्यसैगरी उडिसा र झारखण्डमा पनि भारी मात्रामा वर्षा र पहिरो गएको छ। यहाँ कतिपय विदेशी पर्यटकहरु थुनिएका र चेपिएका छन्। उनीहरुको उद्धार जारी रहेको बताइएको छ।

यसअघि यहाँ आइतबार नै पहिरोको एउटा घटनामा एकै परिवारका आठ जनाको मृत्यु भएको समाचार आएको थियो। बाढीपहिरो प्रभाावित राज्यका पुल, सडक र राजमार्ग नराम्ररी क्षतिग्रस्त भएकाले आवतजावतमा अवरोध भएको छ। बाढीपहिरोका कारण चेपिएका हजारौँ स्वदेशी तथा विदेशी पर्यटकको उद्धारको काम जारी रहेको प्रहरीले जनाएको छ।

# कोरोनाबाट एकै दिन उन्पचास जनाको मृत्यु



सिन्ह्वा

मनिला। फिलिपिन्समा कोरोनाको सङ्क्रमण बढेको बताइएको छ। यहाँ २४ घन्टाको समयावधी अर्थात आइतबार मध्यरातिसम्म कम्तीमा पनि ४९ जनाको ज्यान गएको छ।

यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार आइतबार मात्र तीन हजार छ सय ४३ जनामा कोरोना सङ्क्रमण भएको छ। फिलिपिन्सको स्वास्थ्य विभागले दिएको जानकारीअनुसार यहाँ पछिल्ला केही हप्तामा कोभिडको सङ्क्रमण बढ्दो देखिएको छ।

यहाँ कम्तीमा पनि ३५ हजार जना सक्रिय सङ्क्रमित रहेका छन्। यहाँ एकै दिन गएको जनवरी १५ मात्र ३९ हजार भन्दा बढीमा सङ्क्रमण रहेको थियो। त्यसका तुलनामा पछिल्लो समयमा यहाँ सङ्क्रमितहरु घटेका भए पनि केही हप्तायता भने सङ्क्रमण बढ्दै गएको देखिएको स्वास्थ्य अधिकारीहरुले जनाएका छन्।

# जिल्लास्तरीय छनोट भदौ १० देखि

बैतडी । आगामी असोजमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बैतडीमा जिल्लास्तरीय छनोट भदौ १० देखि सुरु हुने भएको छ।




बैतडी जिल्ला खेलकुद समितिका प्रमुख तर्कराज जोशीका अनुसार उक्त प्रतियोगितामा सहभागी हुन चाहने इच्छुक आवेदन भरेका महिला र पुरुष खेलाडीको छनोट भदौ १० देखि भदौ १५ सम्म हुने भएको हो।

पहिलो दिन टेबलटेनिस (महिला/पुरुष), बुद्धिचाल, भारत्तोलन पुरुष, कराते, तेक्वान्दो (महिला/पुरुष) छनोट सदरमुकाममा हुनेछ। दोस्रो दिन सदरमुकाममै ब्याडमिन्टन (महिला/पुरुष), उस्सु फुल कन्टयाक्ट कराते (महिला/पुरुष), मेलौली खेल मैदानमा भलिबल (महिला/पुरुष) छनोट भदौ १२ गते हुने जनाइएको छ।

यस्तै भदौ १३ गते पाटन खेल मैदानमा कबड्डी (महिला/पुरुष), एथलेटिक्स (महिला/पुरुष), फुटबल, बक्सिङ (पुरुष), भदौ १४ गते देहिमाडौं खेल मैदानमा पुरुष क्रिकेट र भदौ १५ गते सोही मैदानमा महिला क्रिकेट छनोट प्रतियोगिता सञ्चालन हुने बैतडी जिल्ला खेलकुद समितिले जनाएको छ। छनोट प्रतियोगितामा सहभागी हुनका लागि यहाँका ३२५ खेलाडीले आवेदन भरेका छन्। जिल्लाबाट छनोट भएका खेलाडीले प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी हुन पाउनेछन्। राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको पोखरामा हुने तय भएको छ।रासस

# कोरोना सङ्क्रमितको सङ्ख्या दश हजार भन्दा कम

सिन्ह्वा

नयाँदिल्ली। भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजार भन्दा कम भएको छ। यहाँ २४ घण्टाको समयावधी अर्थात सोमबार मध्यरातिसम्म नौ हजार पाँच सय ३१ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ४८ हजार नौ सय ६० जना कोराना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिन अगाडि अर्थात आइतबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा ११ हजार पाँच सय ३९ जनामा सङ्क्रमण देखापरेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९७ हजार छ सय ४८ जना रहेका छन्।

गत २४ घण्टाको समयअवधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म यहाँ पाँच लाख २७ हजार तीन सय ६८ व्यक्तिको मृत्यु भइसकेको छ। भारतमा आइतबार एक दिनमा १२ हजार सात सय ८३ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३७ लाख १२ हजार दुई सय १८ जना कोरोनामुक्त भएका छन्।



नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब दश करोड २४ लाख भन्दा बढी मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ६० भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।रासस

# सोमालियाका प्रधानमन्त्रीद्वारा जवाफ दिने वाचा

एएफपी

मोगादिसु। सोमालियाका प्रधानमन्त्रीले अल-शबाब जिहादीहरुले मोगादिसुमा भएको घातक होटल घेराबन्दीका लागि सरकारलाई जवाफदेही बनाइने बताउनु भएको छ।



प्रधानमन्त्री हम्जा अब्दी बारेले पनि सोमालियालीहरूलाई अल-कायदा-सम्बन्धित समूहविरुद्ध लड्न एकजुट हुन आह्वान गनु भएको छ। यस देशमा अल-शबाब जिहादीहरुले १५ वर्ष भन्दा बढी समयदेखि रक्तपातपूर्ण विद्रोह गरिरहेका छन्।

'सरकारमा जवाफदेहिता हुनेछ, सरकारमा कोहीपनि जवाफदेहिताबाट उम्कने छैन, जो कोहीले आफूलाई सुम्पिएको जिम्मेवारीलाई बेवास्ता गरे जवाफदेही बनाइनेछ,'बारेले आइतबार पत्रकारहरुलाई जानकारी दिनु भएको छ।

अल-शबाब आतङ्ककारीले सोमालियाको राजधानी मोगादिसुको हयात होटलमा आक्रमण गरेको झण्डै ३० घण्टापछि सैनिक कारवाही समाप्त भएको छ। अल-शबाब आतङ्ककारीले गरेको आक्रमणमा ४० जनाको मृत्यु हुनुका साथै ७० भन्दाबढी घाइते भएका थिए। स्थानीय सञ्चारमाध्यमका अनुसार सुरक्षा अधिकारी र आक्रमणकारीबीच झण्डै ३० घण्टासम्म गोली हानाहान जारी रहेको बताएको छ।

# जापानका प्रधानमन्त्रीलाई कोरोना सङ्क्रमण

सिन्ह्वा

टोकिया। जापानका प्रधानमन्त्री फुमियो किशिदालाई कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमण पुष्टि भएपछि उहाँले एकान्तवासमा बस्नु भएको छ भने त्यहीबाट गर्न मिल्ने काम पनि गर्नु भएको छ।

मन्त्रीपरिषद्का मुख्य सचिव हिरोकाजु मात्सुनोले ६५ बर्षीय प्रधानमन्त्री किशिदालाई स्वास्थ्यमा भने कुनै समस्या नरहेको जानकारी दिनुभयो।

उहाँलाई भेट्न आएका व्यक्तिबाट उहाँमा सङ्क्रमण सरेको आशंका गरिएको छ। सङ्क्रमण पुष्टि भएपछि उहाँका लागि तय गरिएका दर्जनौ कार्यक्रमहरु स्थगित गरिएका छन्।

कतिपय कार्यक्रम भने भर्चुअल माध्यमबाट गर्ने तयारी भएको पनि उहाँको सचिवालयले जनाएको छ। उहाँ आगामी अगस्ट ३० सम्म एकान्तवासमा बस्नु हुने भएको छ। उहाँले कोरोना भाइरस विरुद्धको चौथो पटकको खोप पनि लगाइसक्नु भएको थियो।

जापानमा पछिल्लो समय कोरोना भाइरसको सङ्क्रमण फेरि अत्यधिक फैलिएको छ। दैनिक लाखौं सङ्क्रमित हुने गरेका छन्। सरकारले कारोना भाइरस विरुद्धको खोप लगाउने अभियानलाई तिव्रताका साथ अगाडि बढाइरहेको छ।

त्यसैगरी कोरोना भाइरसको सङ्क्रमण न्युनिकरणका लागि अपनाउनु पर्ने उपायहरु कडाइका साथ लागू गर्न पनि सरकारले अनुरोध गर्दै आएको छ।

# बुल्गेरियाका काम चलाउ प्रधानमन्त्री एकान्तवासमा

सिन्ह्वा

सोफिया। बुल्गेरियाका काम चलाउ प्रधानमन्त्री गलाब डोनेभ एकान्तवासमा बस्नु भएको छ। कोरोना भाइरसबाट सङ्क्रमित व्यक्तिको सम्पर्कमा पुगेको जानकारी पाएपछि उहाँले आफू एकान्तवासमा बस्न लागेको बताउनु भएको छ।



उहाँको सचिवालयले वक्तव्य प्रकाशित गर्दै एकान्तवासमा रहेपनि स्वास्थ्यमा भने कुनै समस्या नदेखिएको उल्लेख गरेको छ। वक्तव्यमा लेखिएको छ, "प्रधानमन्त्रीको स्वास्थ्यमा कुनै समस्या छैन, कोरोना भाइरस नियन्त्रण सम्बन्धी मापदण्ड अनुसार उहाँ अहिले एकान्तवासमा बस्नु भएको हो।"

उहाँले एकान्तवासमा बसेको भएपनि त्यहीबाट गर्न सकिने र गर्न मिल्ने कामहरु भने गरिरहनु भएको पनि वक्तव्यमा उल्लेख गरिएको छ। बुल्गेरियामा अहिलेसम्म १२ लाख ३३ हजार चार सय ७० जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। ती मध्ये चार सय २० जना पछिल्लो एक दिनमा सङ्क्रमित भएको सरकारी अधिकारीहरुले जनाएका छन्।

# भारतद्वारा श्रीलङ्कालाई २१ हजार टन मल हस्तान्तरण

सिन्ह्वा

कोलम्बा। भारतले आर्थिकपमा सङ्कटग्रस्त छिमेकी मुलुक श्रीलङ्कालाई सोमबार २१ हजार मेट्रिक टन मल हस्तान्तरण गरेको छ। श्रीलङ्काको कोलम्बोस्थित भारतीय उच्चायोगले गरेको ट्वीटमा भनिएको छँ,भारतीय उच्चायुक्तले भारतको विशेष सहयोगमा आपूर्ति गरिएको २१ हजार टन मल औपचारिक रूपमा श्रीलङ्काका जनतालाई हस्तान्तरण गरेका छन्। यसले दुई देशबीचको मित्रता र सहयोगमा थप टेवा पुगेको छ।

भारतको सहयोगमा गत महिना ४४ हजार टन खाद्यान्न आपूर्ति भएको थियो। मल हस्तान्तरणले खाद्य सुरक्षामा योगदान पुर्‍याउनुका साथै किसानलाई सहयोग पुर्‍याउनेछ। यसले भारत र श्रीलङ्काबीचको घनिष्ठ सम्बन्ध, पारस्परिक विश्वास र सद्भाव सिर्जना गर्दै जनतालाई प्रत्यक्ष लाभ पुर्‍याउनेछ, भारतीय उच्चायोगले भनेको छ।



श्रीलङ्कालाई उनीहरूको आवश्यकताअनुसार आर्थिक सहयोग प्रदान गर्न भारत अग्रपंक्तिमा रहँदै आएको छ र आवश्यक समयमा अधिकतम सहयोग प्रदान गर्ने देशहरूमध्ये एक हो। सन् २०२२ को सुरुदेखि नै श्रीलङ्काले बढ्दो आर्थिक सङ्कटको सामना गरिरहेको छ र सरकारले आफ्नो विदेशी ऋणमा डिफल्ट गरेको छ। संयुक्त राष्ट्रसंघले श्रीलङ्कामा ५७ लाख मानिसलाई तत्काल मानवीय सहायताको खाँचो रहेको चेतावनी दिएको छ।

श्रीलङ्कावासीले खाद्यान्न र इन्धनलगायत अत्यावश्यक वस्तुहरूको चरम अभाव भोगेपछि मार्चमा शान्तिपूर्ण विरोध प्रदर्शन सुरु भएको थियो। श्रीलङ्कामा खाद्यान्न र इन्धनको अभावका कारण ठूलो सङ्ख्यामा मानिसहरू प्रभावित भएका कारण गम्भीर आर्थिक सङ्कटसँग जुधिरहेको छ। श्रीलङ्कामा कोभिड-१९ को महामारी सुरु भएदेखि नै अर्थतन्त्र निरन्तर ओरालो लागिरहेको छ, ईन्धन आयात गर्ने उसको क्षमतामा असर पारेको छ, जसले गर्दा देशमा बिजुली कटौती भएको छ। अत्यावश्यक वस्तुको अभावले श्रीलङ्कालाई मित्र राष्ट्रहरूबाट सहयोग माग्न बाध्य बनाएको छ।

# युद्धमा युक्रेनतर्फ करिब नौ हजार सैनिकको मृत्यु : सेना

एएफपी

कीभ। रूसको आक्रमण सुरु भएयता युक्रेनका करिब नौ हजार सैनिक मारिएको युक्रेनका प्रमुख सैनिक कमाण्डरले जानकारी दिएका छन्।



भ्यालेरी जालुज्नीले सोमबार कीभमा आयोजित सार्वजनिक समारोहमा भन्नुभयो, "युक्रेनका बच्चाहरूलाई विशेष ध्यान दिन आवश्यक छ किनकि उनीहरूका बाबुहरू मोर्चामा गएका छन् र सम्भवतः उनीहरू मारिएका लगभग नौ हजार नायकहरूमध्ये एक हुन पनि सक्छन्।'युक्रेनी अधिकारीहरूले करिब छ महिनाको युद्धमा भएको सैन्य क्षतिबारे विरलै मात्र विवरण दिएका छन्।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले गत अप्रिलमा करिब तीन हजार युक्रेनी सैनिकको मृत्यु भएको र १० हजार घाइते भएको बताउनुभएको थियो।

रूसी राष्ट्रपति भ्लादिर पुटिनले फेब्रुअरीमा युक्रेनमाथि आक्रमण गर्न आफ्नो सेनालाई निर्देशन दिएपछि दुबैतर्फ हजारौं सैनिक मारिएका अपुष्ट समाचारहरू आएपनि दुबैतर्फबाट सार्वजनिक मारिएका वा घाइते भएका भनी सार्वजनिक सूचीभन्दा ठूलो सङ्ख्यामा सैनिक तथा सर्बसाधारणको हताहत भएको हुनसक्ने विश्लेषकहरूले बताउने गरेका छन्।

# अफगानिस्तानको पक्तिया प्रान्तमा बाढी चौधको मृत्यु



काबुल। अफगानिस्तानको पूर्वी पाक्तिया प्रान्तमा आइतबार अबेर राति आएको भीषण वर्षापछिको बाढीका कारण कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएका राज्य सञ्चालित बख्तर समाचार समितिले सोमबार जनाएको छ।

आइतबार राति प्रान्तीय राजधानी गार्डेज र पक्तिया प्रान्तका केही जिल्लाहरूमा भारी बाढीका कारण १४ जनाको ज्यान जानुको साथै १२ जना घाइते भएका राज्य सञ्चालित समाचार समितिले जानकारी दिएको छ। नसुनी बाढीले कम्तिमा २० एकड जमिन बगाएको र तीन सय ५८ आवासीय घर पूर्णरुपमा र छ सय ७६ अन्य आंशिक रुपमा ध्वस्त भएका बख्तरले जानकारी दिएको छ।

बाढीले यस प्रान्तमा एक हजार चार सय ३० भन्दा बढी गाईवस्तुको ज्यान गएको र सयौं किलोमिटर सडक, असङ्ख्य सुरक्षाका पर्खालहरु, पुल र बाँधमा क्षति पुगेको बख्तर जनाएको छ।

# बाढी पहिरोका कारण सुडानका छ राज्यमा आपतकाल घोषणा

सिन्ह्वा

खार्तुम। सुडानका छ राज्यमा आपतकाल घोषणा गरिएको छ। अत्याधिक बर्षापछि आएको बाढीका कारण सङ्कट उत्पन्न भएकाले आपतकाल घोषणा गरिएको हो।

"आइतबार बसेको मन्त्रीपरिषद्को बैठकले देशका छ राज्यमा आपतकाल घोषणा गर्ने निर्णय गरेको छ, ती राज्यहरुमा उच्च सतर्कता आपाउनु पर्ने भएको छ," एक मन्त्रीले भने।



सरकारी अधिकारीहरुका अनुसार रिभर नाईल, गेजिरा, ह्वाइट नाइल, वेस्ट कोर्डोफन, साउद डार्फर र कसला राज्यमा आपतकाल लागू गरिएको हो। मन्त्रीपरिषद्ले प्रभावित क्षेत्रमा उद्धारकर्ताहरु परिचालन गर्ने र आवश्यक सहयोगको प्रवन्ध गर्ने निर्णय पनि गरेको कार्यबहाक मन्त्री ओस्मन हुसेन ओस्मनले जानकारी दिनुभएको छ।

बाढी पहिरो पीडितहरुलाई सहयोग गर्न सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगदाताहरुलाई अनुरोध गरेको छ। स्वदेशी तथा विदेशी सहयोग संकलनका लागि बैंक खाता खोल्ने निर्णय भएको पनि मन्त्री हुसेनले जानकारी दिनुभयो।

बाढी पहिरोबाट पीडितलाई सहयोगका लागि प्रभावकारी उपाय अपनाउन पनि सरकारी अधिकारीहरुले निर्देशन दिएका छन्।

# जुम्लाको तरकारी निर्यात

खलङ्गा । जुम्लामा उत्पादन हुने स्याउलगायत तरकारीजन्य उत्पादन बाहिरी जिल्लामा निर्यात हुन थालेको छ। यहाँ उत्पादित आलु, भेडेखुर्सानी, काउली गोवी र गोलभेडालगायत निर्यात हुने गरेको छ।

कारितास जर्मन र कारितास नेपालको सहयोगमा पेस नेपाल जुम्लाको साझेदारीमा सञ्चालित एकीकृत खाद्य सुरक्षा विपद् जोखिम न्यूनीकरण जलवायु अनुकूलन परियोजना सञ्चालनमा छ। यो परियोजनाको सहयोगमा सञ्चालित रारालिही कृषि सङ्कलन केन्द्रले स्थानीयस्तरमा उत्पादित सङ्कलित कृषिजन्य वस्तु दैलेख, जुम्ला, कालीकोट र मुगु जिल्लासम्म ढुवानी भएको छ।

कृषि सङ्कलन केन्द्रका व्यवस्थापक मानबहादुर बोहराका अनुसार सात क्विन्टल जुम्ला, १३ क्विन्टल मुगु, नौ क्विन्टल दैलेख, सात क्विन्टल कालीकोट र तीन क्विन्टल स्थानीय रारालिही बजारमा गोलभेडा बिक्री गरिएको छ।

यस्तै एकसय पाँच क्विन्टल स्याउ सुर्खेत र अछाममा बिक्री गरी १२ लाख बराबरको कारोबार गरिएको छ । आलुखेती उत्पादन घट्दो क्रममा रहेकाले स्थानीय आलुको उत्पादन बढाउन आइपिएम विधिमार्फत आलुबाली कृषक पाठशाला सञ्चालन गरिएको छ । उन्नत प्रविधि र परम्परागत प्रविधिमा आलु रोप्ने गरिन्छ । दुवै गरी पाँच सय वर्ग मिटरमा आलुखेती गरिएको परियोजना संयोजक हेमराज भट्टले जानकारी दिनुभयो।

पाठशाला पेस नेपालको समर्थनमा निर्माण भएको सुधारशील कृषक समूहमा १६ हप्तासम्म सञ्चालन गरिएको हो। पाठशालाको अन्तमा उन्नत प्रविधिबाट छ क्विन्टल र परम्परागत प्रविधिमार्फत चार क्विटल आलु उत्पादन भएको हो । उन्नत प्रविधिबाट आलुको उत्पादनमा वृद्धि भएपछि कृषकले उन्नत प्रविधितर्फ अग्रसर भएको जनाइएको छ ।रासस

# राजनीतिसँगै माछापालन व्यवसाय

विराटनगर । राजनीतिक क्षेत्रमा आफूलाई अब्बाल सावित गर्ने मोरङका एक राजनीतिककर्मी कृषि पेसालाई पनि आगाडि बढाउनुभएको छ । विराटनगर महानगरपालिका कञ्चनबारी निवासी प्रदेश नं १ प्रदेश सभा सदस्य चुमनारायण तवदारले राजनीतिसँगै कृषि पेसालाई अगाल्नुको कारण राजनीतिक क्षेत्रलाई अझ बलियो बनाउने उहाँको धारणा छ।

इमानको राजनीतिक गर्दा हुने खर्च जुटाउन कृषि पेसा अपनाएको र यसैका माध्यमबाट आफ्ना निर्वाचन क्षेत्रमा विकास र जनताको सेवालाई अझ प्रभावकारी ढङ्गले लैजाने उहाँले स्पष्ट पार्नुभयो। उहाँ मोरङ निर्वाचन क्षेत्र नं ६ (क) का प्रदेश सभाका निर्वाचित सदस्य हुनुहुन्छ।

राजनीतिक पृष्ठभूमि बोकेका प्रदेशसभा सदस्य तवदार विगत लामो समयदेखि मोरङ केन्द्रित राजनीतिक गरिरहनुभएको छ । पछिल्लो समयमा विराटनगर महानगरपालिकादेखि १८ किमी उत्तर बूढीगङ्गा गाउँपालिका-६ कोइलपुरमा उहाँले विराट कर्मसियल एग्रिकल्चर एण्ड इन्भारोमेन्ट कम्पनी प्रालि तवदार फार्म सञ्चालनमा ल्याई माछाका भुरा उत्पादन कार्य



सुरु गर्नुभएको छ । व्यावसायिक रुपमा माछाका भुरा उत्पादन गर्न थालेपछि उहाँले पहिलो पटक रु पाँच लाखका र दोस्रो पटक रु २५ लाखका माछाका भुरा बिक्री गर्न सफल हुनुभएको छ । अहिले माछाका भुरा उत्पादन गर्न थालेपछि यस व्यवसायमा लाग्ने किसानलाई राहत भएको छ । ठूलो मात्रामा भुरा उत्पादन गर्न उहाँले १० बिघा १० कठ्ठा जग्गामा २३ वटा पोखरी खन्नुभएको छ । उहाँले यो व्यवसाय अङ्गालेको आठ वर्ष भयो।

एक पटकमा १० लाख भुरा उत्पादन गर्ने संरचना निर्माण गर्नुभएका तवदारले प्रत्येक भुरा रु दुईका दरले बिक्री गर्नुभएको छ। सोह्र घण्टादेखि २४ घण्टामा माछाका भुरा निस्कने र छ दिनपछि बिक्री योग्य बन्ने रेहु, भाकुर, ग्रास कार्प, कमल कार्प, नैनी जस्ता जातका माछा उत्पादन हुने गरेको छ।

तवदारले माछाका भुरा उत्पादन गर्न विशेषज्ञका रुपमा नेपाल सरकारका पूर्व मत्स्य विकास अधिकृत कर्मचारी हुकुमलाल सिंहलाई कर्मचारीका रुपमा राख्नुभएको छ । उहाँको मेहनत र लगनशीलता देखेर प्रदेश सरकारले हायरिङ मत्स्य प्रजनन कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले रु १५ लाख अनुदान पनि सहयोग गरेको छ।

माछा पोखरीको क्षेत्र बढाउन पोखरीसँगै जोडिएको दक्षिणतर्फको खाली जग्गा खरिद गर्ने योजना बनाउनुभएका तवदारले जनतालाई आवतजावत गर्न सुविधा दिने हिसाबले पोखरी क्षेत्रको बीचबाट एउटा सार्वजनिक बाटो पनि निर्माण गर्नुभएको छ । चारैतिर घेरबार भए पनि बीचमा बाटो भएका कारणले जनतालाई एक गाउँबाट अर्को गाउँ जान निकै सुविधा भएको स्थानीयवासी सत्यनारायण चौधरीले जानकारी दिनुभयो।

तवदारले माछाका भुरासँगै बाख्रा, हाँस, स्थानीय जातका कुखुरा र लोप हुन लागेको हराजाताको बङ्गुर पालन पनि सुरु गर्नुभएको छ । पैतालीस थान बाख्रा र २० बङ्गुरसहित हजारौँको सङ्ख्यमा हाँस पोखरीमा चरण गरेको दृष्य देखेर जोकोहीको पनि मन लोभिन सक्छ। जमुनापारी र बयर बोकासँग क्रस गराउने र नश्ल सुधार भएमा यो कार्यलाई निरन्तरता दिने योजना बनाएका सदस्य तवदारको फर्ममा आठ जनाले नियमति रोजगार पाएका छन्।

पशुपंक्षी तथा मत्स्य निर्देशनालयका निर्देशक पशुपति ढुङ्गानाले निजी क्षेत्रबाट गरेको यस किसिमको प्रयासलाई राज्यका तर्फबाट पनि बढावा दिनुपर्ने धारणा राख्दै माछामा मात्र होइन माछाका भुरामा पनि आत्मनिर्भर बन्नुपर्ने बताउनुभयो ।रासस

# नेप्से परिसूचकमा गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ४१ अङ्कले ओरालो लागेर दुई हजार ५३ दशमलव १३ मा सीमित भएको छ।



ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४७ अङ्कले ओरालो लागेर तीन सय ९७ दशमलब ११ मा सीमित भएको छ । कूल दुई सय २२ कम्पनीको ५२ लाख ३० हजार सात सय ६३ कित्ता शेयर रु एक अर्ब ७२ करोड ६२ लाख ८७ हजार चार सय ३० मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषको मात्रै झिनो अङ्कले उकालो लागेको छ । बैंकिङ एक दशमलव ४८, व्यापार शून्य दशमलव ९४, होटल तथा पर्यटन २९ दशमलव ५३, विकास बैंक २४ दशमलव शून्य पाँच, जलविद्युत् १६ दशमलव ८४, वित्त आठ दशमलव ५९, निर्जीवन बीमा ४७ दशमलव ३३, उत्पादन ३२ दशमलव २३, अन्य १० दशमलव १६, लघुवित्त १५ दशमलव ३३, जीवन बीमा दुई दशमलव ९५, लगानी शून्य दशमलव २९ अङ्कले ओरालो लागेको छ।

यस्तै सामूहिक लगानी कोष शून्य दशमलव शून्य तीन अङ्कले उकालो लागेको छ । सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब ४१ अर्ब ९७ करोड ४३ लाख ३५ हजार चार सय आठ बराबर कायम भएको छ।

नेप्सेका अनुसार हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु २८ करोड १८ लाख ७१ हजार तीन सय २६ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो । यस्तै रिडी हाइड्रोपावर कम्पनी रु आठ करोड ५० लाख ३५ हजार छ सय ९६, प्राइम बैंक रु आठ करोड ४० लाख नौ सय आठ, शिवम् सिमेन्ट रु पाँच करोड ५३ लाख २२ हजार सात सय ९५ र अपि पावर कम्पनी रु पाँच करोड ५२ लाख सात हजार तीन सय ३५ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए।

नेप्सेका अनुसार अप्पर हेवा खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । मन्दाकिनी हाइड्रोपावर नौ दशमलव ९७, सिटिजन म्युचुअल फण्ड एक सात दशमलब २२, सामलिङ पावर कम्पनी पाँच दशमलव ६६ र हिमाल दोलखा हाइड्रोपावर कम्पनीका लगानीकर्ताले चार दशमलव शून्य तीन प्रतिशतले कमाएका छन्।

त्यस्तै एनआइबिएल समृद्धि फण्ड दोस्रो छ दशमलव ७५, दोर्दी खोला जलविद्युत् कम्पनी पाँच दशमलव २४, श्वेत गङ्गा हाइड्रोपावर चार दशमलव १५, तारागाउँ रिजेन्सी होटल तीन दशमलव ८९ र सबैको लघुवित्तका लगानीकर्ताले दुई दशमलव ९४ प्रतिशतले गुमाएका छन् ।रासस

# चुनबाङमा उत्पादित लसुनले उचित मूल्य नपाएको किसानको गुनासो

रुकुमपूव । भूमे गाउँपालिका-९ चुनबाङमा उत्पादित लसुनले उचित मूल्य नपाएको किसानले गुनासो गरेका छन्।

लसुनको पकेट क्षेत्रसमेत रहेको चुनबाङमा उत्पादन भएको लसुनले उचित मूल्य नपाएको भन्दै किसानले गुनासो गरेका हुन्।

अहिले बाहिर बजारमा लसुनको मूल्य प्रतिकिलो रु ५० देखि ६० पर्छ । चुनबाङ्का लसुन उत्पादक किसान भने प्रतिकिलो र ५० मा लसुन बिक्री गर्दा दुःख नउठ्ने भन्दै प्रतिकिलो रु एक सयका दरले बिक्री गर्न चाहन्छन्। किलोलाई रु एक सय दिएर कसैले लसुन खरिद नगरेपछि अहिले चुनबाङको लसुन घरघरमा थुप्रिएको च्याङचुङका लसुन उत्पादक किसान गञ्जु खड्काले बताउनुभयो।

अहिले आफ्नो मात्रै १० क्विन्टलको हारहारीमा लसुन रहेको उहाँले बताउनुभयो । गत वर्ष १८ क्विन्टल लसुन उत्पादन गर्नुभएका उहाँले अहिले भने उत्पादन घटेको बताउनुभयो । केहीको लसुन उत्पादन गत वर्षको तुलनामा अहिले घटे पनि समग्रमा भने गत वर्षको तुलनामा यसवर्ष उत्पादन बढेको छ। अहिले उचित मूल्य नपाएकै कारण कति पनि लसुन बिक्री नभएको किसान खड्काले बताउनुभयो।

उहाँका अनुसार अहिले चुनबाङका प्रत्येक घरमा तीनदेखि १० क्विन्टलको हारहारीमा लसुन छ । लसुनले उचित मूल्य र बजार नपाएको भन्दै उहाँले अर्को वर्ष लसुन लगाउने क्षेत्र घटाएर मोटो कला लगाउने योजना बनाएको समेत सुनाउनुभयो । यस्तै चुनवाङकै स्थानीय एवं पूर्व वडाध्यक्ष प्रवेश पुनले बजारको मूल्यमा दिने किसानको लसुन बिक्री भइसकेको बताउँदै बजार मूल्यभन्दा बाहिरको लसुन बिक्री हुन नसकेको बताउनुभयो।

बजार मूल्यभन्दा महँगो हाले लसुन सङ्कलन गर्न भने नसकिने उहाँको भनाइ। यसवर्ष चुनबाङमा चार सय ३२ दशमलव ३५ मेट्रिकटन लसुन उत्पादन भएको एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयका कृषि अधिकृत थलराज बस्नेतले जानकारी दिनुभयो। रासस

# बनेपावासीले छिट्टै एकीकृत खानेपानी आयोजनाको पानी उपभोग गर्ने

बनेपा । खानेपानीको समस्या झेल्दै आएका काभ्रेपलाञ्चोकको बनेपा नगरवासीलाई खानेपानीको व्यवस्था हुन लागेको छ।

नेपाल खानेपानी संस्थानले पानी वितरण गर्दै आए पनि अपर्याप्त भएकाले नगरवासीलाई काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाको पानी ख्वाउनका लागि नगर प्रमुख शाक्य नेतृत्वमा आवश्यक पहल थालिएकामा अहिले अन्तिम आयोजनाको काम चरणमा पुगेको छ।

करिब नौ वर्ष अगाडि निर्माण सुरु भएको उक्त आयोजनाको पानी अहिले बनेपाको आजाद डाँडामा रहेको खानेपानी संस्थानको मुख्य ट्याङ्कीमा खसालीसकिएको छ । एकीकृत खानेपानीको पानी खानेपानी संस्थानको ट्याङ्कीमा खसेसँगै पानी वितरणमा सहज भएको संस्थानले जनाएको छ।

नगर प्रमुख शाक्यले निर्वाचनका बेलामा नगरवासीलाई चार महिनाभित्रमा खानेपानी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएकामा चार दिन अगाडि उक्त आयोजनाको पानी ल्याउन सफल भइएको हो । ट्याङ्कीमा पानी खसालेसँगै अब पानी प्रवाह गरेर परीक्षण गर्दै उपभोक्तालाई वितरण गर्ने काममा आफू लागिरहेको उहाँले बताउनुभयो ।

"आफ्नो नेतृत्वमा नगरपालिकाका इञ्जिनीयर, प्लम्बर र पनौती नगरपालिका प्रमुखसमेतको सहयोगमा एकीकृत खानेपानी आयोजनाको मुहानसम्म पुगेर फुटेको पाइप मर्मत तथा जडान गरेपछि पनौतीस्थित खानेपानी ट्याङ्कीमा पानी खसालेर यहाँबाट बनेपामा रहेको खानेपानी ट्याङ्कीसम्म ल्याउन सफल भएका छौं।" नगर प्रमुख शाक्यले भन्नुभयो,"पाइप लाइन जोड्नुपर्ने, सरसफाइ गर्नुपर्ने र सुधार गर्नुपर्ने काम बाँकी रहेकाले खानेपानी संस्थानका प्राविधिकको सहयोगमा अब छिट्टै दुवै खानेपानीलाई एकै ठाउँमा मिसाएर खानेपानी वितरण गर्ने कार्यमा लागिरहेका छौं।"

अहिले पहिलो पटकका लागि संस्थानले वितरण गर्दै आएको उपभोक्तालाई मात्रै पानी वितरण हुने र आयोजनाले जोडेको नयाँ पाइपलाईनमा पानी प्रवाह गरेर परीक्षण गर्दै नयाँ उपभोक्तलाई पनि विस्तारै वितरण गर्ने प्रक्रियामा रहेको उहाँले बताउनुभयो।

बनेपास्थित संस्थानको ट्याङ्कीमा खसेको पानीलाई धनेश्वरमा रहेको पानी ट्याङ्कीसँग पनि लिङ्क गर्नुपर्ने र पहिलादेखिकोमुहानशशीपानीबाट उक्त संस्थानले ल्याएको पानीलाई आयोजनाले बनाएको मगर गाउँ र कुँइकेल गाउँमा रहेको ट्याङ्कीमा इन्टरलिङक गर्न बाँकी रहेकाले पानी प्रवाहको कामलाई परीक्षण गर्दै वितरणको तयारी भइरहेको छ। एकीकृत खानेपानीलाई बनेपा नगरपालिका-५, ६, ७, ८ र ९ का बान्सिदालाई वितरण गर्ने आयोजनाको लक्ष्य छ।

य स अ ि घ काभ्रेपलाञ्चोकको बनेपा, धुलिखेल र पनौती नगरपालिकाका बासिन्दालाई खानेपानी उपलब्ध गराउनका लागि २०६९ साल मङ्सिर २७ गते सम्झौता भई २०७० जेठ २९ गतेबाट कार्य प्रारम्भ भएको सो आयोजना सम्झौता अनुसार २०७२ साल जेठ ३२ गते सम्पन्न गर्ने गरी निर्माण कार्य थालनी भएको थियो ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय सर्लाहीको

## ३५ दिने सार्वजनिक सूचना

जि.स. साविक गा.वि.स. रानिगंज वडा नं. ७ हाल लालबन्दी न.पा. वडा नं. १७ मा बस्ने होम प्रसाद सापकोटाको छोरा कृष्ण प्रसाद सापकोटाले राजु डङगोल र राजेन्द्र महर्जनलाई विपक्षी बनाई मि.नं. ३५५० को मोहि नामसारीको निवेदन दर्ता भई निज धनिको नाममा म्याद जादा ज.ध.ले म्यान बुझ्न नमानेको भनि होमनाथ खतिवडाको प्रतिवेदन अनुसार यस कार्यालयको मिति २०७९/०५/०५ को आदेश अनुशानुसार यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण संहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम मोही नामसारी तर्फको कार्यवाही भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

तपसिल

| सि.नं. | जिल्ला | गा.वि.स. | वाडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी | मोही |
|---|---|---|---|---|---|---|---|
| १ | सर्लाही | जब्दी | ५/ग | ८१ | १-२-० | राजु डङ्गोल र राजेन्द्र महर्जन | कृष्ण प्रसाद सापकोटा |

## भुमि सुधार तथा मालपोत कार्यलय सर्लाहीको

## ३५ दिने सार्वजनिक सूचना

जि.स. साविक गा.वि.स. वलरा वडा नं. १ हाल वलरा न.पा. वडा नं. ३ मा बस्ने नविन कुमार मिश्रको नाममा दर्ता रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जि.स. साविक गा.वि.स. वलरा वडा नं. १ हाल वलरा न.पा. वडा नं. ३ मा बस्ने शिवधारी महतो नुनियाको नाम रहेकोमा उक्त मोही भागि बेपत्ता भएकाले जग्गा नजोतेको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मिति २०७८/०७/१८ गतेमा तामेल भई हक दावी सम्बन्धि सूचना मिति २०७९/०३/१४ को आदेशनुसार यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको बारेस प्रमाण संहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा नजोतेको मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचना द्वारा जानकारी गराइन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

तपसिल

| सि.नं. | जिल्ला | गा.वि.स. | वाडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी | मोही |
|---|---|---|---|---|---|---|---|
| १ | सर्लाही | वलरा | २ | ८१४ | ०-५-१७-१/२ | नविन कुमार मिश्र | शिवधारी महतो नुनिया |
| २ | सर्लाही | वलरा | २ | ८१५ | ०-५-१७.१/२ | प्रदिप कुमार मिश्र | शिवधारी महतो नुनिया |

मधेश प्रदेश सरकार

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

मधेश प्रदेश, जनकपुरधाम

## सुची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०७

यस प्रशिक्षण केन्द्रका लागि आ.व. ०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम बमोजिमको कार्य सञ्चालनका लागि आवश्यक पर्ने/ पर्न सक्ने तपसिलका मालसमानहरु तथा सेवाहरु खरिद गर्नका लागि मौजूदा सूची तयार गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम मौजुदा सूचीमा दर्ता हुन चाहने व्यक्ति, आपूर्तिकर्ता, परमर्शदाता वा सेवा प्रदायकहरुले देहायका कागजातको प्रतिलिपि र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताको कागजातहरु समेत संलग्न गरी यस प्रशिक्षण केन्द्रमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) सँग सम्बन्धित अनुसुची २ (क) बमोजिमको ढाँचामा यस केन्द्रको इमेल ठेगाना- rdtcjnk2007@gmail.com मा निवेदन दिई सुचिकृत हुन जानकारी गराइन्छ। सम्बन्धित कार्यक्षेत्रका लागि रितपूर्वकका आवश्यक कागजात पेश नभएमा सुचिकृत गरिने छैन।

**देहायः**

क) कम्पनी वा फर्म दर्ताको प्रमाणपत्रको छाँयाकपी।

ख) कम्पनी वा फर्म दर्ताको अध्यावधिक नविकरण भएको प्रमाणपत्रको छाँयाकपी।

ग) स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर प्रमाणपत्रको छाँयाकपी (मु.अ.क. दर्ता अनिवार्य हुनुपर्नेको हकमा मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाकपी)

घ) आर्थिक वर्ष ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको छाँयाकपी। (नविकरणको प्रकृयामा रहेको हकमा आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र)

ङ) आवश्यकत अनुसार व्यवसायिक इजाजतपत्रको छाँयाकपी।

**मौजुदा सूचीमा दर्ता गर्ने समूहहरु :-**

**क) खरिद तथा आपूर्ति तर्फ**

१. स्टेशनरी (मसलन्द) सामानहरु।
२. छपाई सम्बन्धी सामानहरु, कार्यहरु।
३. फर्निचर तथा फिक्स्चर्स।
४. विद्युतीय सामाग्रीहरु।
५. टेलिफोन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, प्रोजेक्टर, टेलिफोन आदि।
६. इन्टरनेट तथा सफ्टवेयर सम्बन्धी।
७. पत्रपत्रिका तथा पुस्तकहरु।
८. निर्माण सामग्री तथा रंग रोगन।
९. कुरियर।
१०. खानेपानी मिनरल वाटर/जारको पानी।
११. कोभिड स्वास्थ्य सामग्री (मास्क, सेनिटाइजर, हैन्डवाश आदि)।
१२. सरसफाई सम्बन्धी सामग्रीहरु।

**ख) मर्मत तर्फ**

१. सवारी साधन मर्मत।
२. इलेक्ट्रोनिक सामान।
३. टेलिफोन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, प्रोजेक्टर, टेलिफोन आदि मर्मत।
४. फर्निचर तथा फिक्स्चर्स मर्मत सम्बन्धी।
५. पूर्वाधारसँग सम्बन्धित निर्माण तथा मर्मत कार्यहरु।
६. भवन रंगरोगन तथा मर्मत।

**ग) परामर्श तथा अन्य सेवा तर्फ**

१. प्रशिक्षण केन्द्रको गुरुयोजना/विस्तृत परियोजना प्रतिवेदन तयारी, व्यवसायिक रणनितिक कार्ययोजना निर्माण कार्य।
२. नेपाल सरकारबाट मान्यता प्राप्त, सम्बन्धित विषय वस्तुको कार्यक्षेत्रमा परामर्श सेवा प्रदान गर्न योग्यता पुगेका फर्म/कम्पनीहरुबाट स्थानीय तहको आवधिक योजना तर्जुमा, राजश्व सुधार योजना आदि।
३. सफ्टवेयर आपूर्ति तथा फिक्स्चर्स सम्बन्धी।
४. विज्ञापन सम्बन्धी सेवा र बोलपत्र आव्हान सम्बन्धी सूचना आदि।

**कार्यकारी निर्देशक**

# एनपीएलमा जनकपुर रोयल




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल)मा जनकपुर रोयल नामको टिम पनि हुने भएको छ । भारतीय गोल्ड स्पोर्ट्स प्रा.लि. कम्पनीले जनकपुर रोयलको स्वामित्व लिएका छन् ।

आगामी सितम्बर २२ देखि काठमाण्डुमा एनपीएल हुन लागेको छ। सितम्बर पहिलो सातादेखि खेलाडी खरिद प्रकृया अगाडि बढ्ने छन् ।

सोमबार गोल्ड स्पोर्ट्सका निर्देशक गौरीशंकर धमानीले जनकपुरधाम आएर उक्त जानकारी गराएका हुन् । आठ वर्षका लागि उनले जनकपुर रोयल टिम खरिद गरेका छन् ।

उनका अनुसार प्रतियोगितामा जम्मा ६ वटा टिम सहभागी हुने छन् । जस मध्ये ४ वटा टिमको नाम घोषणा भइसकेको छ । नेपाल क्रिकेट संघ (क्यान)ले गर्न लागेको लिगमा जनकपुर रोयल, विराटनगर, लुम्बिनी अल स्टार्स र कान्तिपुर क्यापिटल गरी चार टोलीको नाम तय भइसकेको छ ।

लिगमा अन्य दुई टोलीको घोषणा हुन बाँकी छ । लिगमा ६ टिम गरी ९६ वटा खेलाडी खरिद हुने छ । जस मध्ये ६६ वटा नेपाली, २४ वटा भारतीय र ६ वटा अन्य देशको खेलाडीलाई सहभागिता गराइने क्यानको तयारी छ ।

जनकपुर रोयलका निर्देशक धामनीले जानकी माताले सेवा गर्न बोलाएको बताए । 'जानकी माताको नगरीमा खेल जगतको लागि सक्दो सहयोग गर्छु,'उनले भने,'जनकपुरधामको विकासका साथै यहाँको खेलको विकासका लागि काम गर्ने अवसर पाएकोमा खुशी छु ।' जनकपुरमा खेल क्षेत्रको अन्य विकासमा पनि सहयोग गर्ने उनले प्रतिबद्धता गरे ।

लिगले नेपाली क्रिकेटलाई अर्को स्तरमा पुऱ्याउने आशा गरिएको छ । जनकपुर रोयल नाम लिगमा परेपछि समग्र विकासमा टेवा पुग्ने धनुषा क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डेको विश्वास छ । पर्यटन र खेलको विकासमा थप टेवा पुगेको उनले बताए ।

यस्तै जनकपुर रोयल नामले स्थानीय खेलाडीमा उर्जा थप्नुसँगै खेलाडी उत्पादनमा महत्तवपूर्ण भूमिका खेल्ने आशीष झाले बताए ।

# भोट लिएर गएकाहरुको निर्मम समीक्षा गर्नु जुरुरी छ : महतो

**टुडे समाचारदाता**

राजविराज । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले बैवाहिक अंगिकृत नागरिकतामा समय सीमा राख्ने कुराले मुलुकलाई अझै पछि धकेल्ने बताएका छन् ।

सोमबार राजविराजमा लोसपा नेपाल सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् । "समय सीमा राखेर बैवाहिक अंगिकृत नागरिकता दिनुपर्छ भन्ने कुरा पनि कतै कतैबाट उठ्ने गरेको छ, उनले भने 'पहिलेको व्यवस्थालाई पनि यसले कटौती गर्ने भएका कारण मुलुक पछाडि फर्काउने नियतले यस्तो भनिएको हो' ।

संविधानमा मधेशी, आदिवासी, जनजाति, मुश्लिम, सिमान्तकृत लगायत समुदायको पूर्ण अधिकार अहिले पनि सुनिश्चित नभएको बताउँदै उनले त्यसका लागि आफूहरुको संघर्ष जारी रहेको छ भने । मधेशका नाउमा खुलेका दलहरुले मधेशबाट भोट लिएर गएपनि मधेशीका लागि के के गरे भन्ने कुराको निर्मम समीक्षा गर्नुपर्ने समय आएको भन्दै उनले यसबारे गम्भीर भएर सोच्न आग्रह गरे ।

सोही कार्यक्रममा बोल्दै अर्का वरिष्ठ नेता शरतसिंह भण्डारीले निर्वाचनमा गठबन्धन बाध्यता रहेको भन्दै आफूहरु लोकतन्त्र, पहिचान र अधिकारका लागि काम गर्ने पार्टीका साथ गठबन्धन गर्ने पक्षमा रहेको स्पष्ट पारे । "लोकतन्त्र, पहिचान र अधिकार हाम्रो मूल लक्ष्य हो, उनले भने 'बिना गठबन्धनले कुनै पनि पार्टीको एकल सरकार बन्ने अवस्था नरहेको महसुस गरी हामीले त्यस्तो विचार मिल्ने दलसित गठबन्धनको सोच बनाएका छौं ।

त्यस्तै, मधेश प्रदेश सभाका प्रतिपक्षी दलका नेता जितेन्द्र सोनलले मधेशवाद र लोकतन्त्रका लागि संघर्षरत आफ्नो पार्टीले यसलाई कुनै पनि हालतमा छोड्न नसक्ने जिकिर गरे ।

लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झाको अध्यक्षमा आयोजित कार्यक्रमलाई लोसपाका अर्का वरिष्ठ नेता अनिल झाका साथै जयप्रकाश ठाकुर, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादव, राजविराज नगरपालिकाका निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले पनि धारणा राखेका थिए ।



**निवर्तमान मेयर यादवसहित चारसय जना लोसपामा प्रवेश**

टिकट नपाएपछि जनता समाजवादी पार्टी परित्याग गरी हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा मनोनयन पत्र दर्ता गराउने दिन नेकपा माओवादी केन्द्रमा प्रवेश गरी राजविराज नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका निवर्तमान नगर प्रमुख शम्भुकुमार यादव लोसपा नेपालमा प्रवेश गरेका छन् ।

सोमबार लोसपा नेपाल सप्तरीको राजविराजमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनी नेकपा माओवादी केन्द्र परित्याग गरी लोसपामा प्रवेश गरेका छन् । उनीसँगै विभिन्न पार्टी परित्याग गरी चारसय जना लोसपा प्रवेश गरेको जिल्ला अध्यक्ष सुनिल झाले जानकारी दिए ।

प्रवेश गर्नेहरुमा राजविराज नगरपालिकाका निवर्तमान वडा अध्यक्ष माँगीलाल नाई र सुदर्शन सिंह पनि छन् । दुबै जना काँग्रेस पार्टी परित्याग गरी लोसपा रोजेका हुन् । यस्तै २०७४ को स्थानीय तहको निर्वाचनमा राजपाबाट निर्वाचित वडा अध्यक्ष शम्भु यादव (लाली) र शोभालाल मण्डल पनि लोसपामा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई लोसपाका वरिष्ठ नेता महतो, भण्डारी, झा, ठाकुर, दिपेन्द्र चौधरी लगायतले अबिर र माला लगाई स्वागत गरेका थिए ।

०७४ को स्थानीय तहको निर्वाचनमा राजपाबाट राजविराज नगरपालिकाको नगरप्रमुख पदमा उम्मेदवार भइ चुनाव जितेका यादव राजपा-संघीय समाजवादी फोरम एकीकृत भइ गठन भएको जसपामा थिए । जसपामा विभाजन आइ लोसपा बनेपछि उनी जसपा नै रोजेका थिए । तर पछिल्लो स्थानीय तहको निर्वाचनमा आफूलाई पुनः उम्मेदवार न बनाइ अर्कैलाई टिकट दिएपछि जसपा अध्यक्ष उपेन्द्र यादवसँग उनको दूरी बढेको थियो ।

# अनुभवीलाई अकस्मात हटाउनु पूर्वाग्रही हो : एमाले

**टुडे समाचारदाता**

कञ्चनरूप ।कञ्चनरूप नगरपालिकामा कार्यरत ज्यालादारी कर्मचारीलाई हटाउने नगरपालिकाका प्रमुखको निर्णय फिर्ता लिन नेकपा (एमाले) कञ्चनरूपनगर कमिटिले माग गरेको छ ।

ज्यालादारी १४ जना कर्मचारीलाई एकमुष्ट हटाउने निर्णय गरेपछि एमालेले कञ्चनरूप नगरपालिकामा पत्रकार सम्मेलन आयोजना गरी ज्यालादारी श्रमिकहरूको रोजीर ोटी नखोस्न र श्रमिक कामदारको म्याद थप गर्न माग गरेको हो ।

अनुभवी कर्मचारी परिचालन गरेर मात्र स्थानीय सरकारको सेवा प्रभावकारी हुनेमा जोड दिदै एमालेकञ्चनरूपले पुरानालाई हटाएर नयाँ राख्नुको औचित्य नरहेको जनाएको छ ।




एमाले नगर सचिव केवलखत्रीले जारी गरेको प्रेस विज्ञप्तिमा सुरक्षित श्रम वातावरण र रोजगारीको सुनिश्चितता गर्नुपर्ने नगर प्रमुखले कार्यपालिकाको राय विपरीत मनोमानी ढंगले एकल निर्णय गरेको जनाइएको छ ।

नगर कार्यपालिकाको वैठकमा बहुमत सदस्यले श्रमिकहरूको रोजीरोटी खोस्न नहुने, आश्रित परिवारका बालबालिकाको गाँस छिन्न् नहुने भनेपछि प्रस्ताव असफल भएको वडा अध्यक्ष बच्चुलाल चौधरीले जानकारी दिए ।

नगरकार्यपालिकाको वैठक छलेर प्रमुख स्तरीय वैठकले भन्दै नियम विपरीत अनुभवी कर्मचारीलाई कामबाट हटाइएको एमालेको आरोप छ । एमाले जिल्ला सदस्य पेशल जोशीले श्रम ऐन २०७४ विपरीत मनोमानी ढंगले अघिल्लो दिन मात्र ज्यालादारी कर्मचारीहरूलाई काममा नआउन भनेर पत्र काटिएको बताए ।

"लोकसेवा आयोगबाट नियुक्ति सिफारिस भै आए पश्चात स्वतःज्यालादारी र करार कर्मचारीको अवधि समाप्त हुने नै भएकोले हाल कार्यरत अनुभवी जनशक्तिलाई उनीहरूको कार्यक्षमताको मूल्याङ्कन नगरी एकमुष्ट रूपमा हटाउने कार्य पूर्वाग्राही हो।" एमालेकी प्रदेश कमिटी सदस्य असरादेबी चौधरीले भनिन् "कार्यालय सञ्चालनका लागि कर्मचारीको आवश्यक्ता छ, पुनःसोही पदमा ज्यालादारीमै नियुक्ति गर्नका लागि भइरहेको कर्मचारी हटाउनु न्यायिक तथा रोजगारीको हकको दृष्टिकोणबाट समेत उपयुक्त हुँदैन ।"

यो अभ्यासले स्वयम् नगरपालिकाको कार्यसम्पादनमा समेत सकारात्मक प्रभावकारिता नआउने वडा -७ का तनुकलाल शर्माले बताए । विज्ञापन खोलेर नयाँ नियुक्ति नहुञ्जेल पुरानालाई हटाउनाले कार्यालयको काममा समेत अवरोध भएको एमालेको आरोप छ ।

स्वीकृत दरबन्दी भित्र विद्यमान कानून बमोजिम प्रकृया सम्मत नियुक्ति भएका र सन्तोषजनक कार्यसम्पादन गरिरहेका कर्मचारीहरूलाई कार्यसम्पादन मूल्याङ्कन नगरी एकमुष्ठ हटाउनु नियम कानून र लोकतन्त्र विरोधी कार्य भएको वडा ३ का गुल्टेन चौधरीले बताए । कर्मचारीको अनुभव र क्षमता अभिवृद्धिका लागि राज्यको लगानी परिसकेको तर्फ पनि नगरपालिकाले ध्यान दिनुपर्ने भन्दै सरस्वती आचार्यले अनुभवी कर्मचारीलाई म्याद थप गरी सेवा लिनु स्थानीय सरकारको लागि समेत अवसर हुने बताए ।

ʻआइतबार काठमाण्डुबाट आएका नगर प्रमुख ललनप्रसाद गुप्ताले अनावश्यक रूपमा नियुक्त गरिएका ज्यालादारी कर्मचारीलाई हटाइएको बताए । उनले अब करारका कर्मचारीको पालो भन्दै करारका कर्मचारीको लिष्ट मागेको जानकारी दिए ।

सार्वजनिक सूचना र जानकारी बिना कार्य सम्पादन मूल्याङ्कन नगरी ठाडो आदेशमा ४ जनाचालक, ७जनाकार्यालय सहयोगी,२ जना सब-इन्जिनियर र एक जना सह चालकलाई हटाइएको छ ।

चालक, सहचालक, कार्यालय सहयोगीका रूपमा कार्यरत कर्मचारीहरू अघिल्लो साँझमात्र अकस्मात काममा नआउनु भनेर पत्र थमाउँदा आर्श्चयमा परेको बताउँछन् । पाँच वर्ष देखि कामगर्दै आएका चालक बुद्धि बहादुर भुजेल, सुरज चौधरी, राजकुमार मण्डलले एक दिनको समय समेत नदिई अकस्मात कामबाट छोडाउँदा घरको न घाटको अवस्थामा पुर्‍याएको बताउँछन् । कोभिड १९ को कष्ट साध्य बेलामा ज्यान जोखिममा राखेर गरेको गुणको बदला नयाँ जनप्रतिनिधिले गाँस पो खोसे कमल लामाले दुखेसो पोखे ।

# कोठामा थुनेर लाखौंको सम्पत्ति चोरी

**टुडे समाचारदाता**

राजविराज । घरपट्टीलाई सुतिरहेकै कोठामा थुन्दै राजविराजमा आइतवार मध्यराती चोरले लाखौंको धनमाल चोरेर फरार भएका छन् ।

राजविराज नगरपालिका-२ राजदेवी चौक निवासी ७० वर्षीय श्याम देवलाई उनी सुतिरहेकै कोठामा थुनेर बाँकी २ कोठामा लाखौंको धनमाल चोरले चोरी गरेका छन् ।

प्रहरीका अनुसार घरबाट करिब १०/११ तोला सुनको गरगहना, १ किलो चाँदीका गरगहना, नगद २५ हजार साईकल १ थान र अन्य केही सरसमान चोरी भएको छ ।

घट्नास्थलबाट १० मिटर मात्रको दूरीमा प्रहरीको विट रहेको छ । यस्तो अवस्थामा पनि चोरी हुनु अनौठो र आश्चर्यको मानिएको छ ।

श्यामदेव आइतवार राती करिब ११ बजे तिर खाना खाएर कोठामा एक्लै सुतेका थिए । चोरले देव सुतेको कोठमा बाहिरबाट चुकुल लगाई अन्य दुई कोठामा रहेको तीन वटा दराज र एउटा सन्दुक फुटाएर सो परिमाणको सम्पत्ति चोरी गरी लगेको बताइएको छ ।

घरमा एक जना मात्र भएको र उनलाई पनि थुनिदिए पछि चोरलाई सहज भएको छिमेकीहरुले बताएका छन् । घरपट्टी देवले पहिलो पहरको मस्त निन्द्रामा सुतेको बेला चोरी भएको कुरा सोमवार विहान ५ बजे उठदा मात्र थाहा पाएको बताए ।



"विहान उठदा ढोका नखुलेपछि मोवाइलबाट भाइ प्रदीपलाई खबर गरी बोलाए, श्यामदेवले भने-भाइ आएर बाहिरबाट चोरले लगाएको चुकुल खोलेर निस्किदा मात्र चोरी भएको थाहा पाए ।"

प्रहरी बिट नजिकैको घरमा चोरी भएपछि छरछिमेकका वासिन्दा समेत त्रसित छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले चोरी घट्नाको सूक्ष्म अनुसन्धान भइरहेको जानकारी दिए । उनले शंकास्पद २/३ जनालाई नियन्त्रणमा लिई सोधपूछ भईरहेको र छिट्टै चोर पत्ता लाग्ने दाबी गरेका छन् ।

**कोभिड-१९ को जोखिम पुन : देखा परेको छ ।**

**यसबाट बच्न र बचाउनः**

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँउ गर्दा नाक मुख छोप्ने गरौं ।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं । समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अडिट फर्ममा छापा

**टुडे समाचारदाता**

कलैया । कलैया स्थित प्रभु साह कानुले सञ्चालन गरेको अडिट फर्ममा राजस्व अनुसन्धान विभाग काठमाण्डुबाट खटिएको टोलीले कागजात र कम्प्युटर नियन्त्रणमा लिएको छ ।

बाराको प्रसौनी गाउँपालिका वडा नं.६ निवासी कानुले लामो समयदेखि प्रशिक्षार्थी अडिटरको प्रयोग गरी बारा, पर्साका औद्योगिक कलकारखाना, व्यापारिक फर्महरूको अडिट गर्दै आएको बताइन्छ ।

उनले नक्कली भ्याट बिल, अडिटको सही छाप र हस्ताक्षर समेत गरी राजस्व छल्दै आएको भेटिएपछि विभागबाट खटिएको टोलीले कागजात नियन्त्रणमा लिएको तर कानु भने फरार रहेको राजस्व अनुसन्धान विभागका उप महानिर्देशक एवं प्रवक्ता प्रद्युम्न प्रसाद उपाध्यायले जानकारी दिए ।

फर्मद्वारा नक्कली भ्याट बिल जारी गरी करोडौंको राजस्व छली गरेको तथा नक्कली अडिटको सही, छाप र हस्ताक्षर गरी बारा, पर्साका दर्जनौं औद्योगिक तथा व्यापारिक फर्मको अडिट गर्दै आएका सूचनाको आधारमा राजस्व अनुसन्धान विभागबाट खटिएको टोलीले आवश्यक कागजात र कम्प्युटर नियन्त्रणमा लिएको राजस्व अनुसन्धान विभागले जनाएको छ ।

कानु जस्तै बारा, पर्सामा नक्कली अडिट फर्म खोलेर राजस्व छल्ने ठूलो गिरोह रहेको र यो घटनापछि नक्कली अडिट गर्ने फर्म खोलेका व्यक्तिहरूबिच खैलाबैला मच्चिएको छ । विभागले फरार रहेको गुप्तालाई कहि देखिएमा राजस्व अनुसन्धान विभाग काठमाण्डुमा सूचना दिन अनुरोध गरेको छ ।

# पेस्तोल फालेर दुई जना फरार

**टुडे समाचारदाता**

राजविराज । गस्तीमा रहेको सशस्त्र प्रहरीको टोलीले भारतीय सीमावर्ती क्षेत्रबाट एक थान कटुवा पेस्तोल बरामद गरेको छ ।

सशस्त्र प्रहरी निरीक्षक तुलसीराम कार्कीको कमान्डमा पैदल गस्तीमा गइरहेको टोलीले आइतबार राती ९ बजेतिर भारतीय सीमा नजिक पर्ने सप्तरीको राजगढ गाउँपालिका -२ बनैनिया क्षेत्रबाट कटुवा पेस्तोल बरामद गरेको छ ।

गस्ती टोलीलाई देख्ना साथ भारतबाट पैदलै नेपालतर्फ आउँदै गरेका दुई जनाले कटुवा



पेस्तोल र त्यसमा लाग्ने ८ एम एमको एक राउण्ड गोली खेतमा फालेर भारततर्फै भागेको सशस्त्र प्रहरी उपरीक्षक प्रदीप खडकाले बताएका छन् ।

उक्त हतियार सोमबार जिल्ला प्रहरी कार्यालयमा बुझाई फरार व्यक्ति बारे अनुसन्धान भइरहेको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

**आवश्यकता**

जनकपुर डिजेल सेन्टर (पेट्रोल पम्प), जनकपुरधाम–१४, मुजेलिया को लागि १ जना योग्य लेखापाल आवश्यक भएको ले काम गर्न इच्छिुक तथा तपसिलमा उल्लेखित योग्यता भएको व्यक्तिहरुले निम्न सम्पर्क नं. र ठेगानामा ७ दिन भित्र आफुले हासिल गरेको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी लिई सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**पद**:- लेखापाल

**योग्यता**:- BBA तथा BBS उर्त्तिण (कम्प्यूटर सम्बन्धि ज्ञान भएको तथा एकाउण्टिङ्ग सम्बन्धि दक्ष, विशेष अनुभवीलाई प्राथमिकता दिईने छ ।)

**सम्पर्क नं.**:- ९८०१६२५१९७, ९८५४०२११९७

**स्थान**:- जनकपुर डिजेल सेन्टर, जनकपुरधाम-१४

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८